Jana Aakash National Weekly
www.janaakash.com
जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष- १७, अंक- ३३ २०८१ साल चैत्र २६ गते मंगलबार (Apr 8, 2025) www.janaakash.com.np

**जनआकाश मिडिया प्रा.लि. बाट प्रशारित**
**www .janaakash .com .np**

अनलाइन सञ्चालन भइ रहेको हुदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायीक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठक वर्ग लगायत माहानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जनआकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जनआकाशको वार्षिकोत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, सघं-संस्थाहरुले सम्पर्क राख्नुहुन अनुरोध गरीन्छ ।

सम्पर्क : ४१६७५७८ (बागबजार)
मोबाइलः ९८५१०८७१५६

Email : janaakash .com .np@gmail .com

# देश आन्दोलनको भुमरीमा, जनता अन्यौलमा

- गणतन्त्रको विरुद्धमा आन्दोलन २ जनाको मृत्यु ।
- शिक्षहरु शिक्षा ऐन नलिई शिक्षणमा नफर्कने ।
- रास्वपाका सभापति सविलाई राजनीतिक प्रतिशोध ।
- राप्रपा राजतन्त्र पुनःस्थापनाको जागरण अभियानमा ।
- विद्युत प्रधिकरणका एमडी हटाएकोमा आन्दोन ।
- जनता अन्यौलको भूमरीमा, बालेन, हर्क, गोपी चुपचाप ।
- काँग्रेस र एमाले गठबन्धन आयु धरापमा, देश खतरामा ।




**मोहन कार्की**

नेपालमा यतिवेलमा धेरै तरिकाका आन्दोलनहरु देखिन थालेका छन् । राजतन्त्र पुनःस्थापना गर्ने राजावादीहरुको आन्दोलन शुरु भएको दिन चैत्र १५ गते २ जनाको आन्दोलनको क्रममा मृत्यु भएको छ। जसमा एकजना पत्रकार समेत परेका छन् । सयौको संख्यामा धाइतेहरु आजपनि उचचाररत छन् । राप्रपा लगायत आन्दोलनमा स्वत स्फुर्त निस्केका नागरिकहरुलाई प्रहरीले नियन्त्रणमा लिएर कष्टडीमा राखेको छ ।

नेपाल शिक्षक महासंघले गरेको देशव्यापी आन्दोलन अचेल राजधानी केन्द्रीत देखिएको छ । देशभरीवाट शैक्षिक शत्रको पुरक परिक्षा सकाएर विद्यालयहरु विदाको समय पारेर शिक्षकहरु नयाँ शिक्षा ऐन लागु गर्न माग गर्दै प्रत्येक दिन माइतीघर मण्डलामा जम्मा भई शिक्षा ऐन पारित गर्न माग गर्दै रचनात्मक तरिकाले गीत गाउदै, कविता बाचन गर्दै नाटक प्रस्तुत गर्दै, जादू समेत देखाएर कोही चुट्किला गाउदै, कोही कथा बाचन गर्दै सडकमा हजारौको सख्यामा जम्मा भई शिक्षा ऐन नल्याएको विरोध प्रशर्दन गरिरहेका छन् ।

अर्को नेपाल विद्युत प्राधिकरणका प्रमुख कार्यकारी निर्देशक कुलमान घिसिङलाई ३ महिना कार्य अवधि बाँकी रहदै पदवाट हटाएको भनेर असल व्यावस्थापकलाई अपमान गरेको भनि कुलमान घिसिङ समर्थकहरुले पुनः वहालीको माग गर्दै आन्दोलन गरिरहेका छन् ।

त्यतिमात्र काहा होर ! राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको नेतृत्वमा चितवनवाट जनयात्रा तय गरिएको थियो । तर अघिल्लो दिन नै सरकारले सभापति लामिछानेलाई निवासवाट नै पक्राउ गरेर थुनामा पठाएको छ । सभापतिलाई नेपाली काँग्रेस एमाले गठबन्धन सरकारले राजनीतिक प्रतिसोध साधेर थुनामा पठाए पनि जनयात्रा चितवनवाट शुरु भएको छ। उक्त चितवनवाट शुरु भएको जन यात्रालाई रास्वपाले निरन्तरता दिने तयारीमा छ ।

देशमा महगी, अभाव, तनाव चुलिएको वेला देशमा आशा गरिएका स्थानीय निकायमा लोकप्रीयता कमाएर जनताको मन जित्न सफल व्याक्तिहरु हर्क साङपाङ, गोपी हमाल, वालेन्द्र शाह अहिलेको जनताको आन्दोलमा एक्यबद्धता जनाउन चुपचाप वसेको भनेर रास्वपाका केन्द्रीय सदस्य तथा बागमती प्रदेश » बाकी ६ पृष्ठमा

## दिउँसै टर्च बालेर शिक्षकहरु प्रदर्शनमा



काठमाडौं- विद्यालय शिक्षा ऐन जारी गर्न माग राख्दै शिक्षकहरूले दिउँसै टर्च बालेर काठमाडौंमा प्रदर्शन गरेका छन् ।

सडक आन्दोलन गरेको सात दिन बितिसक्दा पनि सरकारको ध्यान नगएको भन्दै उनीहरूले दिउँसै टर्च बालेर काठमाडौंमा प्रदर्शन गरेका हुन् ।

काठमाडौं केन्द्रित सडक आन्दोलन गरेको नेपाल शिक्षक महासंघले सोमबारदेखि शैक्षिक हडताल गरेका छन् । विद्यालयमा पठनपाठन बन्द गर्दै देशभरका शिक्षकहरू काठमाडौं केन्द्रित आन्दोलनमा सहभागी भएका छन् ।

मंगलबार माइतीघरदेखि बानेश्वरसम्म टर्च बालेर प्रदर्शन गर्दै उनीहरूले यसअघि आफूहरूसँग भएको सहमतिका आधारमा छिटो भन्दा छिटो विद्यालय शिक्षा ऐन जारी गर्नुपर्ने माग गरेका छन् ।

लामो समयदेखि सरकारले शिक्षकहरूको माग पुरा नगरेका कारण बाध्य भएर आन्दोलनमा सहभागी हुनुपरेको उनीहरूको भनाइ छ ।

महासंघले आफूहरूको माग सरकारले नसुने थप कडा संघर्षको कार्यक्रम आयोजना गर्ने चेतावनी दिएको छ । प्रदर्शनकारीहरूले पुराना ऐन खारेज गर, नयाँ ऐन जारी गर, लगायतका नारा लगाएका थिए ।

## हर्कले भेटे खानेपानीमन्त्री, पाए पिउने पानीको समस्या समाधान हुने आश्वासन

काठमाडौं- खानेपानीमन्त्री प्रदीप यादवले धरानका नागरिकको वर्षौंदेखिको खानेपानीको समस्या समाधानका लागि पहल भइरहेको बताएका छन् ।

सिंहदरबारस्थित खानेपानी मन्त्रालयमा सोमबार धरान उपमहानगरपालिकाका मेयर हर्कराज राई (साम्पाङ) नेतृत्वको प्रतिनिधिमण्डलसँगको भेटमा मन्त्री यादवले यस्तो बताएका हुन् ।

'धरानका नागरिकको खानेपानीको समस्याका विषयमा मसहित सिंगो मन्त्रालय जानकार छ । त्यहाँको खानेपानीको दीर्घकालीन समाधान गर्ने तर्फ हामी लागि रहेका छौं । समस्या समाधान गर्छौं,' मन्त्री यादवले भने ।


मन्त्री यादवले धरानको खानेपानी समस्या दीर्घकालीन रूपमा समाधान गर्न दातृ निकायसँगको सहयोगमा समाधान गरिने आश्वासन दिए ।

आगामी आर्थिक वर्ष २०८२/८३ मा धरानमा खानेपानीका लागि बजेट विनियोजन गरिदनि माग राखेर मन्त्री यादवलाई मेयर हर्क नेतृत्व टोलीले मागपत्र बुझाएको थियो ।



गर्मी मौसम सुरु भएसँगै धरानका नागरिकले खानेपानीको ठूलो समस्या भोग्नु परेको भन्दै स्थायी समाधानका लागि बजेट विनियोजनको माग गरिएको मेयर साम्पाङले बताए ।

'पानीको समस्या पहिलेदेखि नै थियो, अहिले गर्मी सुरु भएकाले झन् समस्या भयो, स्थायी रूपमा पानीको समस्या समाधनका लागि बजेट माग गरेका छौं,' उनले भने ।



जन आकाश Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक
वर्ष -१७, अंक- ३३, २०८१ साल चैत्र २६ गते मंगलबार (APR 8, 2025)

...मान्छे कसैले पनि कर्म लियर आएको हुदैन । सिर्जना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ । मोहन कार्की

# राजावादी र संसद्वादीबीच टक्कर

## सम्पादकीय – – – –

### लोकतान्त्रिक साशन व्यवस्थाका तानाशाही प्रबृतिको अन्त्य होस् ।

नेपालमा २००७ साल फागुन ७ गतेलाई मान्ने हो भने लोकतन्त्र आएको ७४ वर्ष भयो । २००४६ साललाई मान्ने हो भने ३५ वर्ष भयो । गणतन्त्र स्थापना भएको समयलाई मान्ने हो भने १८ वर्ष भयो । यि ईतिहाँसहरू पढदा तथ्यहरू हेर्दा नेपालमा लोकतन्त्रको पूर्ण अभ्यास भईसकेको जस्तो भान हुने गरेको छ ।

तर नेपालमा हुने गरेका प्रशासनिक क्षेत्रवाट हुने गरेका मानवीय क्षेत्रमा गर्नुपर्ने कामहरू हेर्दा सन्तोषजनक देखिदैन । त्यो विशेष गरेर लोकतान्त्रिक पद्धती देश गईसकेको अवस्थामा राज्यको तर्फवाट नागरिकहरूमा गर्नुपर्ने जिम्मेवारीहरू लोकतन्त्रको अभ्यासहरू गरेको देखिदैन ।

२०६२/६३ जनआन्दोलन पछि रौतहटको गौरमा भएको साप्रादिक घटनामा हुन लागेको थाहा पाउदा पाउदै पनि राज्यले त्यहा दुवै पक्षका नागरिकहरूलाई संभावित दुर्घटना हुनवाट रोक्न थप कदम चाल्न सकेन उक्त साप्रदायिक घटनामा भालाले रोपेर समेत मानिसहरूको बिभत्सा हत्या भएको थियो ।

यस्तै टिकापुर घटनामा सुरक्षाकर्मीको बिभत्सा हत्या भएको थियो । यस्ता मानव विरोधी घटनाहरू द्वान्द्वकालमा भएपनि शान्ति प्रक्रियामा आईसकेपछि र लोकतन्त्रको अभ्यासमा नयाँ संविधान नै जारी गरेर नागरिकहरूको पूर्ण सुरक्षा गर्नुपर्ने कत्व्य पुरा हुन सकेको देखिदैन ।

हुदा हुदा नेपालमा आफ्ना अधिकार कुण्ठित भएको अन्याय भएको विषयमा माइतीघर मण्डला भन्दा अलिपर सरकारले ठाउनै छुट्याई दिएको छ । उक्त क्षेत्रमा कतिपय धर्ना बस्ने मानिसहरूलाई प्रहरीले उठाएर लिएर जाने र अनाआश्यक डर देखाएर स्वतन्त्र रूपमा नागरिकले प्राप्त गर्नुपर्ने अधिकार सम्बधित निकायमा पुयाएर दिलाउनुपर्ने ठाउँमा उल्टै राज्यको प्रहरी प्रशासनले दमन गरेको देखिन्छ । जसको पहुच र पार्टी छैन त्यस्ता नागरिकहरूको सुरक्षा, न्याय हुन सकेको छैन ।

त्यस्तै पछिल्लो समय बिभिन्न पार्टी, वादी लगायतले आन्दोलनको रूपमा प्रदर्शन गर्दा राज्यतर्फवाट भएका आन्दोलनकारीहरू माथि भएको व्यवहार र मानिस नै मार्ने गरी गोली प्रहारका घटनाले लोकतान्त्रिक व्यवस्थामा साशनसत्ता सञ्चालन गर्न पुगेका व्यक्तिहरूले लोकतान्त्रिक तानाशाहीको रूपमा विकास गर्न अफूलाई उदयमान नव तानाशाह बनाउदै लगेका छन् । यहि चैत्र १५ गते भएको राजावादीहरूको संयुक्त आन्दोलनको रिपोर्टिङ गर्न पुगेका एभिन्यूजका सुरेस रजक जिउदै जलाईनु उनको रिपोर्ट अहिलेसम्म संकास्पद रूपमा राखिनु आन्दोलनमा नै नगएका पसलमा सामान किन्दै गरेका विद्यार्थीलाई गोली लाग्नु घाइते भएका नागरिकलाई सरकारले सुलभ ढंगवाट उपचार गराउन नसक्नु शान्तिपुर्ण आन्दोलनमा आएका मानिसहरूमा गोली चलाउनु, राष्ट्रियगान बजिरहेको ठाउमा अस्रु ग्यास प्रहार गर्नु जस्ता घटनाहरूले लोकतान्त्रि गणतन्त्र व्यवस्थाका नेतृत्व गर्नेहरूले लोकतान्त्रिक तानाशाहको भुमिका देखाउन थालेका छन् ।

यस्ता प्रबृतिको विरूद्धमा नेपाली जनताले डटेर सामाना गर्दै आउदा दिनमा यस्ता लोकतान्त्रिक तानाशाही प्रबृति विरूद्ध एक ढिक्का भई परास्त गर्न सक्नुपर्दछ । त्यसकारण यस्ता प्रबृतिको अन्त्य गर्न जरूरी छ ।



श्यामप्रसाद मैनाली

केही दिनदेखि नेपालको राजनीतिमा राजतन्त्र फर्काउने चर्चाले ठाउँ पाएको छ । नेपालका राजनीतिक दलका नेतृत्वमा रहनेहरूले नेपाली जनतालाई सुखशान्ति दिन सकेनन् । देश राजनीतिक अस्थिरताको चपेटामा पर्दै गयो ।

आर्थिक समृद्धि र सुशासनका सन्दर्भहरू छायामा पारियो । यी राजावादीहरूले बहुदलवादी नेतृत्व तहलाई लगाएका आरोपहरु हुन् । अब देशमा नेपालका भ्रष्टहरुलाई कानुनको कठघरामा ल्याउने कार्यक्रम राजतन्त्र स्थापित भएपछि हुनेछ । राजनीतिक स्थिरता आउनेछ । राष्ट्र र राष्ट्रियता र राष्ट्रवासीका पक्षमा काम कारबाहीहरु द्रुत गतिमा अघि बढ्नेछन् । सुशासनको अनुभूति नेपाली जनताले गर्न पाउनेछन् ।

यो विश्लेषण प्रचारप्रसार राजावादीहरूका तर्फबाट भइराखेको छ । पूर्वराजा ज्ञानेन्द्रले अब समय आएको र देशको समृद्धि र शान्तिका लागि आफूलाई सहयोग गर्न आम नेपाली नागरिकहरूमा अपिल गर्नुभएको छ । यसपश्चात् नेपालको राजनीति तरंगित भएको छ । देश दौडाहामा रहेका प्रमुख प्रतिपक्षी दलका नेता कमरेड प्रचण्ड आफ्ना कार्यक्रमहरु सबै थाती राखी राजधानी फर्किएका छन् । सत्तारुढ नेपाली कांग्रेस र एमाले लगायतका दलहरुमा ठूलै कम्पन आएको छ । यतिखेर राजावादी र बहुदलवादीहरूका बीच हिलो छ्यापाछ्यापको अवस्था देखिएको छ ।

यसले देशलाई कुन दिशातिर अभिमुख गराउने हो ? चिन्ताको विषय बनेको छ । यतिखेर राजाका पक्षमा नागरिकहरू ठूलै संख्यामा सडकमा देखिँदै आएका छन् । यसबाट राजावादीहरू उत्साहित बनेको स्थिति छ । संसद्वादीहरु राजालाई यो अभियानबाट रोक्न के गर्ने, कसरी अघि बढ्ने ? रणनीति तर्जुमा गर्न व्यस्त देखिएका छन् । अहिले राष्ट्रको मूल मुद्दा नै राजतन्त्र पुनर्स्थापित गराउने र गणतन्त्रलाई निरन्तरता दिने दुई पक्षहरूबीच केन्द्रित बनेको छ । निष्पक्ष र स्वतन्त्र नागरिकहरू देशको अवस्थाबाट अत्यन्त चिन्तित छन् । देशमा व्याप्त भ्रष्टाचार, स्वार्थको संघर्षको अवस्था र आर्थिक समृद्धिको दिशामा देश पछि परिराखेको स्थितिले चिन्तित बनेका छन् ।

यी दुई पक्षहरूबीचको टकरावमा देशले के-कस्ता समस्याको सामना गर्नुपर्ने हो ? राजतन्त्र स्थापित हुने सम्भावना कति हो ? राजतन्त्र स्थापित भइसकेपश्चात पनि देशको अवस्था कस्तो हुने हो ? अहिले सडकमा देखिएको नागरिकहरूको राजा ल्याउने अभियान सफल भएमा देशमा कस्ता राजा आउने हुन् ? संवैधानिक राजतन्त्र वा निरपेक्ष राजतन्त्र ? के संवैधानिक राजतन्त्रले देशमा कायापलट गर्न सक्छ ? के दलहरुलाई छायामा राखेर त्यसको शासन सञ्चालन राजाले गर्न सक्लान् ? देशले थप अस्तव्यस्तता बेहोर्नुपर्ने त होइन ? यो अवस्थामा अहिले स्वतन्त्र नागरिकहरू द्विविधामा पर्दै चिन्तित बनिराखेका छन् ।

यसको निकास संसद्वादी दलहरु र राजावादीहरूले संयुक्तरुपमा निकाल्ने हुन् वा आ-आफ्ना प्रकारले अघि बढ्दा थप द्वन्द्वको अवस्था सिर्जना हुने हो ? यसलाई सही दिशानिर्देश गर्न सक्ने विराट व्यक्तित्व नेपालको राजनीतिमा देखिएका छन् त ? यसको उत्तर पनि सहज देखिएको छैन । यही परिवेशमा अबको राजनीति कुन दिशातिर अभिमुख हुने हो ? त्यसैमा केन्द्रित भएर यो आलेख तयार पारिएको छ । १५ गते राजावादीहरुको कार्यक्रममा देखिएको अराजक अवस्थाले चिन्ता थपिएको छ ।

नेपालको राजनीति भूराजनीतिबाट प्रभावित भइराखेको छ । राजनीतिक घटनाक्रम र व्यवस्थामा भएको परिवर्तन नेपालको आन्तरिक बलबुताले मात्र सफल भएको छैन । छिमेकी राष्ट्रहरूको सौजन्य राजनीतिक आन्दोलन, क्रान्ति, अभियान सबैमा प्राप्त भइराखेकै छ । अहिलेको राजनीतिक टकराव जुन देखिँदै छ, त्यसमा छिमेकी देशहरूको प्रभाव के-कस्तो छ ? सोको बारेमा विश्लेषण हुनु जरुरी छ । किनकि राजनीतिक घटनाक्रममा अप्रत्यक्षरुपमा भूराजनीतिले अत्यन्त बढी प्रभाव पारेको थियो । १० वर्षसम्म अघि बढेको माओवादी आन्दोलन भारतले पूर्णरुपमा सहयोग समर्थन गरेर मात्र अघि बढेको हामी सबैलाई स्पष्ट छ । अब यो राजनीतिक घटनाक्रम मात्रै भूराजनीतिबाट पृथक रहन सक्दैन ।

त्यसैले यसबारेमा चिन्तन गरौं । लामो समयदेखि देशका प्रधानमन्त्री छिमेकी देश भारतको भ्रमण गर्न लालायित छन् । धेरै पटक उनको भ्रमण गराउने राजनीतिक प्रयास विभिन्न माध्यमबाट भइराखेको छ । स्वयं प्रधानमन्त्रीले चीन भ्रमण गर्नेबित्तिकै भारतको भ्रमण गर्ने अभिव्यक्ति पटक-पटक दिनुभएको थियो ।

तर हालसम्म पनि भारतले बोलाएको छैन । यसको कारण के हुन सक्छ ? विश्लेषण हुनुपर्दछ । ओलीजीले भारतको विरोध गर्दै राष्ट्रवादी नेताको छवि बनाउनुभयो । नाकाबन्दीको विरोध गर्दै कालापानी लिम्पियाधुरा क्षेत्र अतिक्रमणको विषयलाई संसद्मै छलफल गराई उक्त क्षेत्र नेपालको भएको राजनीतिक नक्सा कायम गर्नुभयो । यसबाट भारत उहाँसँग सन्तुष्ट नहुनु स्वाभाविकै हो । अहिले देशको प्रधानमन्त्री ओलीजीलाई भारत भ्रमणको स्वीकृति नदिनु पनि यही कारण हो भनेर अनुमान गर्दा सत्यको नजिक पुगिन्छ ।

अहिलेका सरकारमा रहेका र सत्ता साझेदारी दलका नेता कसैलाई पनि भारतले खासै महत्व दिएको देखिएन । नेपाल राजनीतिक हिसाबले सामरिक र रणनीतिक महत्वको देश भारतले मान्दै आएको छ । त्यसैले भारत नेपालमा आफू अनुकूलको शासनसत्ता चाहन्छ । पूर्वराजा ज्ञानेन्द्र मन्त्रिपरिषद्को अध्यक्ष हुँदा एक-दुईवटा भारतलाई अप्रिय लाग्ने र राजनीतिक हिसाबले पनि कमजोर प्रस्ताव र काम-कारबाहीहरु गर्नुभएको थियो । प्रतिनिधि उदाहरणको लागि सार्कमा पर्यवेक्षक सदस्यका रुपमा चीनलाई कायम गर्ने प्रस्ताव नेपालले राखेको थियो ।

सो प्रस्तावबाट भारत तत्कालीन राजा ज्ञानेन्द्रसँग प्रसन्न थिएन । यस्तै अरु प्रस्तावहरू पनि राजा ज्ञानेन्द्रले राष्ट्रियताको हिसाबले स्वीकार नगर्नुभएको जानकारीबाट त्यस समयमा सुसूचित भइएको थियो । राजा हटाई गणतन्त्र ल्याउने १२ बुँदे समझदारी नयाँ दिल्लीमा भएको थियो । त्यसैले देशको गणतन्त्र जनताले मात्रै चाहेर आएको थिएन । अब अहिलेको राजालाई स्थापित गराउने एजेन्डामा प्रत्यक्षरुपमा सडकमा देखिएका राजनीतिक दलहरूलगायतका समूहहरू मात्रैको प्रयास हो वा यस अभियानमा छिमेकी देशको पनि सहयोग रहेको छ । यसलाई महत्व दिएर हेर्नुपर्ने हुन्छ । यदि अन्तर्राष्ट्रिय सद्भावको अभावमा पूर्वराजा ज्ञानेन्द्रले यो अभियानको आह्वान गर्नुभएको हो भने यो अर्को फेरि कलाविनाको नाटक मञ्चन हुनेछ । अन्यथा राजावादीहरूको आन्दोलनलाई अवमूल्यन गर्ने अवस्था देखिँदैन ।

राजाको रुपमा नारायणहिटी प्रवेश गरेपश्चात् गर्ने कामहरू प्राथमिकताका आधारमा के-के हुन् ? संवैधानिक राजतन्त्र र बहुदलीय शासन प्रणाली कायम गर्ने राजावादीहरूको एजेन्डा देखिँदै छ । कार्यकारणी अधिकार संवैधानिक राजासँग रहँदैन । कार्यकारिणी अधिकारविनाको राजतन्त्र सांकेतिक हुन्छ । आलङ्कारिक हुन्छ । अर्को अर्थमा वर्तमान समयका राष्ट्रपति रामचन्द्र पौडेलजस्तै हुन्छ । यस्तो राजतन्त्रबाट जुन किसिमको अपेक्षा र आकांक्षासहित नागरिकहरु सडकमा होमिएका छन्, त्यो सम्भव हुँदैन । किनकि संवैधानिक राजतन्त्रले भ्रष्टाचार नियन्त्रण गर्ने सन्दर्भमा सरकारलाई सुझावसम्म दिन सक्छ तर नियन्त्रण गर्न सक्दैन । भ्रष्टाचारको भन्डाफोर गर्दै भ्रष्टाचारीहरुलाई कानुनको कठघरामा उभ्याउने अहिलेका आन्दोलनकारीहरुको मूल एजेन्डा छ ।

यो एजेन्डामा राजतन्त्र प्रवेश गर्न सक्दैन । राजा स्वयंले भ्रष्टाचार नियन्त्रणका लागि अघि बढेर खासै उपलब्धि हासिल गर्न सक्दैनन् । यसको लागि निरपेक्ष राजतन्त्र जरुरी हुन्छ । निरपेक्ष राजतन्त्र अहिलेको अवस्थामा कल्पनाभन्दा धेरै टाढा छ । जब देशमा भ्रष्टाचार निर्मूल हुन सक्दैन, नियन्त्रणमा आउन सक्दैन, राजाको एजेन्डा त्यही विन्दुमा असफल हुन्छ । दोस्रो हो हिन्दु राष्ट्र बनाउने सन्दर्भ, यसमा यदि अन्तर्राष्ट्रिय सहयोग र सद्भाव रहेको अवस्था हो भने यो लक्ष्य पूरा हुन सक्छ । किनकि देशमा अत्यधिक बहुमत हिन्दु धर्मावलम्बीहरूको छ ।

त्यसैले जनमत स्वभावतः हिन्दु राष्ट्रको पक्षमा हुन्छ । यो प्राप्त भएमा अन्तर्राष्ट्रिय स्तरमा नेपाल पहिलेको जस्तै एकमात्र हिन्दु राष्ट्र हुनेछ । यो नेपाल र नेपालीहरूको लागि ठूलो गौरवको विषय हो । यसैलाई मात्र राजतन्त्रको पक्षमा नागरिकहरु सडकमा आएका भने किमार्थ होइनन् । मूल एजेन्डा भनेकै राजतन्त्र स्थापना गरेर भ्रष्टाचार नियन्त्रणलाई अभियानकै रुपमा अघि बढाउनु हो । नेपालको सन्दर्भमा राजतन्त्र पुनर्स्थापित भएको अवस्थामा पनि यदि राजनीतिक दलहरुले यस एजेन्डालाई साथ र समर्थन गरेनन् भने सफल हुन सक्दैन ।

राजनीतिक दलहरूका शिर्षस्थहरू नै विवादित बनेका छन् । नागरिकहरूको मनमस्तिष्कमा उनीहरूलाई नै अपराधीका रुपमा लिइँदै छ । तसर्थ राजनीतिक दलहरूको सौहार्दता र सहयोग प्राप्त हुँदैन । एकछिन् कल्पना गरौं । यस देशमा राजनीतिक दलहरूलाई माथि नै प्रतिबन्ध लाग्ने अवस्था सिर्जना भयो । यो भनेको सीधै २०१९ सालमा फर्किनु हो । यो सम्भव हुँदैन । नेपाली नागरिकहरूको मनोविज्ञान स्वतन्त्रताप्रेमी, लोकतन्त्रको पक्षपाती र नागरिकतन्त्रको हिमायती भइसकेको छ । त्यसैले राजा आउँदा पनि आलंकारिक राजा आउने हुन् ।

यस्ता राजाबाट धेरै कुराको अपेक्षा गर्न थालियो भने त्यो पनि अपरिपक्व चिन्तन हुनेछ । बहुदलीय शासन प्रणालीमा जतिसुकै अप्रिय र अस्वीकार्य भन्दै गर्दा पनि जनताका मानिस भनेका दलकै नेताहरू र प्रतिनिधिहरु नै हुन् । यसमा कुनै सन्देह रहँदैन । व्यवस्थाका पात्रहरू निर्वाचनबाट जनताले परिवर्तन गर्दिन सक्छन् । विकल्प पाउँदाको अवस्थामा बहुदलीय शासन प्रणालीमै नयाँ परीक्षण नभएका शक्तिलाई विश्वास गर्न सक्छन्, तर बहुदलीय शासन प्रणालीलाई नै अन्त्य गर्ने निर्णय आधुनिक स्वतन्त्रप्रेमी समाजले स्वीकार गर्दैन । यस अवस्थामा राजतन्त्र आउँदा दलकै प्रतिनिधिहरूसँग मिलेर हातेमालो गर्दै अघि बढ्ने हो ।

अब राजा दरबारमा सिंहासनमा राज हुने प्रक्रियाको बारेमा छलफल गरौं ।

दुर्गा प्रसाईंजीले भनेजस्तै उहाँको हात समाएर पूर्वराजा लुरुलुरु राजदरबार प्रवेश गर्ने होइन होला । यसका पनि आफ्नै तरिकाहरु छन् । पहिलो त राजा ल्याउने पक्षमा जनताको निर्णय हुनुपर्‍यो । निर्णयपश्चात् दुईवटा विकल्पहरु हुन्छन् । पहिलो हो विद्यमान संविधानकै आधारमा देशमा राजा फर्किने हो । वर्तमान संविधान गणतान्त्रिक संविधान हो । त्यसैले संविधानका निश्चित प्रावधानहरू निलम्बन नभएसम्म विधिवत्रुपमा राजतन्त्र स्थापित हुन सक्दैन । यसका लागि जनताको चाहना, इच्छा, आकांक्षा गणतन्त्रवादीहरुले बुझ्नु जरुरी हुन्छ । तत्पश्चात् दुई पक्षहरुबीच सम्मेलन अथवा वार्ता हुनुपर्दछ । यो वार्ताले मात्र कानुनसम्मत हिसाबले राजतन्त्र स्थापित गर्ने तरिका पहिचान गर्न सक्छ । सो विकल्पमा जान सक्छ ।

यसभन्दा अघि दुवै पक्षहरूको ताण्डव नृत्य सडकमा छताछुल्ल हुनेछ । त्यसले देशलाई अप्ठ्यारोमा पुऱ्याउने त होइन ? चिन्ताको विषय हुने नै भयो । यदि जनउभार राजतन्त्रको पक्षमा देखियो भने लोकतन्त्रवादीहरुले जनमतको कदर गर्नुपर्दछ । त्यस अवस्थामा संविधानसम्मत हिसाबले राजतन्त्रलाई स्वागत गर्न तत्पर हुनुपर्दछ । अन्यथा आफ्नो निर्णयको अवज्ञा भएकोदेखि जनतामा आक्रोश आउन सक्छ । आम जनमानसमा आक्रोश फैलिँदा यसको नतिजा अप्रिय हुने नै भयो । तर यो अवस्थामा देश पुगिहाल्ने स्थिति पनि देखिँदैन ।

अन्त्यमा जनमत कुन पक्षमा ज्यादा देखियो ? राजावादीहरूको आन्दोलनले कुन लेभलको प्रभाव पार्दै गयो ? त्यसको आँकलन भएर यसको शान्तिपूर्ण समाधान दिने दायित्व फेरि पनि संसद्वादी दलहरुमै रहन्छ । यस अवस्थामा समग्र संविधान निलम्बन हुन सक्छ । अर्को संविधान बन्न सक्छ । बन्नु जरुरी हुन्छ । दोस्रो हो, दुवै पक्षको बीचको तनाव अत्यन्त ज्यादा हुन्छ । दुवैले एक-अर्काको अस्तित्वलाई स्वीकार गर्दैनन् । यस अवस्थामा नेपाली सेना र नेपाल प्रहरीको भूमिका निर्णायक हुन सक्छ । पूर्वराजा ज्ञानेन्द्रको आह्वानपश्चात् नेपाली सेनाले आफूलाई जनताको सेना रहेको अभिव्यक्ति सार्वजनिक हुनुले राजनीतिक परिवर्तनको अनुमान यसमा चासो राख्नेहरुले गरिराखेका छन् ।

यदि जनताको बलमा संविधान निष्क्रिय बनाइने र राजतन्त्र पुनर्वहाली हुने अवस्था बन्दै गयो भने हालका राजनीतिक दलका थुप्रै बदनाम पात्रहरूले कारावासको सजाय पाउनेछन् । यस अवस्थामा राजा संवैधानिक राजामा मात्रा सीमित रहने स्थिति हुँदैन । किनकि राजाकै कठपुतली सरकारको माध्यमबाट कानुनी शासन अवलम्बन हुनेछ ।

यो अवस्थामा पुग्नु भनेको तानाशाहीतन्त्र नै देशमा भित्रिनु हो । यदि निरपेक्ष राजाको भूमिकामा राजा देखिँदै गए भने यसले देशलाई अत्यन्त जोखिममा पार्न सक्छ । किनकि राजनीतिक दलप्रति आस्थावान् नेपालीहरु अहिले पनि ठूलो संख्यामा रहेका छन् । देशले अवलम्बन गरेको राजनीतिक पद्धतिलाई सहर्ष स्वीकार गरेका छन् । उनीहरूको स्वतन्त्रताप्रतिको मोह अत्यन्तै ज्यादा छ । पात्रहरूसँग मात्र नेपाली जनताको विकर्षण र आक्रोश हो । त्यसैले भोलिका दिन सोचेजस्तो सहज हुने देखिँदैन । निरपेक्ष राजाको भूमिकामा अबका दिनमा राजालाई रहन दिनु पनि हुँदैन, किनकि ज्ञानेन्द्र राजा र मन्त्री परिषद्को अध्यक्षसमेत रहँदाको अवस्थामा देखिएका नमिल्दा र लोकतन्त्रविरोधी कार्यहरु नेपाली जनमानसमा ताजा छन् ।

सञ्चारकर्मीहरूले उनीहरूमाथि लगाएको बन्देजलाई स्मरण गर्नेछन् । कर्मचारीतन्त्रमाथि बज्रिएको डण्डाको हेक्का स्थायी सरकारले राखिराखेका छन् । सरकारमा उपयोगविहीन अवस्थामा पुगेका वृद्धहरू राखेर पूर्वराजा आफैँ बदनाम हुन पुगेका थिए । सर्वसाधारण नागरिकहरुले यसको अनुमान अहिले नै गर्न थालेका छन् । किनकि ८६ वर्षीय युवाले राजावादीहरूको आन्दोलन हाँक्ने असफल प्रयास भएको छ । यस अवस्थामा राजा जे-जस्तोसुकै हैसियतको भए पनि शासन सञ्चालन गर्न अत्यन्त असहज हुनेछ । यसबाट अन्त्यमा प्रताडित हुने भनेकै नेपाली जनता हुन् । यसबारेमा सबै तप्काका जनहरुले चिन्तन गम्भीरतापूर्वक गर्नुपर्दछ ।

निष्कर्षमा पुगी छलफल गर्दा केही अवस्थाहरू अबको राजनीतिले पार गर्नुपर्ने हुन्छ । पहिलो हो, राजा स्थापित हुन अत्यन्त असहज छ । राजावादीहरुकै बीचमा द्वन्द्व मानसिकरुपमा देखिँदै छ । यी सबै झुन्डहरु स्वार्थलोलुप बन्दै गएका छन् । अपवादबाहेक राजाका पक्षपातीहरू सबै विभिन्न कालखण्डमा ठूला-ठूला विवादमा मुछिएका छन् । राजनीतिक सिद्धान्त अत्यन्त छिटो-छिटो परिवर्तन गर्न विशेषज्ञता हासिल गरेकाहरू पनि देखिएका छन् । यी सबै पूर्वमहापञ्चहरूको झुन्ड त हुँदै हो । यी महापञ्चहरूको कर्तुत र क्रियाकलाप युवाहरूबाहेक प्रौढहरूले धेरथोर र वृद्धहरू सबैले पूरै रुपमा अनुभूति गरेका छन् । प्रताडित बनेका पनि छन् । पूर्वराजा ज्ञानेन्द्रकै विषयमा विविध प्रकारका तथ्यमा र अनुमानमा आधारित दुवै प्रकारका आलोचनाहरू यतिखेर चर्चामा छन् ।

त्यसैले राजा आउँदा र अहिलेका भ्रष्ट भनिएका नेताहरु रहँदामा मौलिकरुपमा कुनै पनि प्रकारको भिन्नता हुनेछैन । तसर्थ यदि जनताको बलबुतामा राजतन्त्र स्थापित हुने अवस्था देखियो भने त्यस अवस्थामा संसद्वादीहरुले जनताको इच्छालाई स्वीकार गर्नुपर्दछ । राजावादीहरूसँग मिलेर समझदारी गर्दै भोलिका दिनमा शासन सञ्चालन गर्ने रणनीति अवलम्बन गर्नुपर्छ । संवैधानिक प्रावधानअनुसार विधिवत् राजालाई सिंहासनमा राख्नुपर्दछ । यही घडीमा वर्तमान संसद् विघटन गरेर राष्ट्रिय सरकार गठन हुनुपर्दछ ।

यस्तो सरकारमा दलभित्र बदनाम नभएका आदर्श पात्रहरू खोजीखोजी सरकारमा राखेर शासन सञ्चालन गर्नुपर्दछ । यस स्थितिमा उच्चपदस्थ सार्वजनिक पदाधिकारीहरूको सबैको सम्पत्ति छानबिन गर्दै प्रचलित कानुनअनुसार कारबाही गर्न अधिकार सम्पन्न संवैधानिक आयोग गठन गर्नुपर्दछ । यो आयोगले तथ्यमा आधारित भई गरेका निर्णयहरू शीघ्र कार्यान्वयन गरिनुपर्दछ । तर अहिले पनि शासनसत्तामा रहेकाहरूका लागि अवसर छ ।

उनीहरुले शीघ्र केही जनतालाई स्वीकार्य, जनस्तरबाट स्वागत गरिने कार्यक्रमहरू लागू गर्ने घोषणा गर्दा हुन्छ । यस्ता कार्यक्रमको कार्यान्वयनमा जाँदा जनस्तरमा उनीहरूको मान्यता र स्वीकार्यता बढ्दै जान्छ । भ्रष्टाचार नियन्त्रणको एजेन्डा र भ्रष्टहरुलाई कडा कारबाही गर्ने विषयलाई अभियानकै रुपमा अघि बढाउनु उपयुक्त हुन्छ । तर यो कदम आफैँमा आत्मघाती हुने देखिन्छ । त्यसैले यस पक्षमा रहने शासनसत्तामा रहनेहरू र प्रमुख प्रतिपक्षी दल पनि तयार हुनेछैनन् ।

यस अर्थमा आउँदा दिनहरूमा राजावादीहरूको आन्दोलन अघि बढ्दै गएमा सडक र सदन दुवै तताउनका लागि बहुदलवादीहरु अग्रसर हुनेछन् । यसले दुवै पक्षका बीच चरम द्वन्द्वको अवस्था सिर्जना हुन्छ, विदेशी शक्तिले खेल्ने मौका यहींनेर पाउँछ । यसतर्फ सबै पक्षहरू चनाखो हुनु जरुरी छ । तर १५ गतेको राजावादीहरुको कार्यक्रम अत्यधिक अराजक देखियो । यसबाट राजावादीहरूमा चिन्ता छाएको छ । गणतन्त्रवादीहरु थप उत्साहित बनेका छन् ।

# कारागारबाट रविको सन्देश- पहिलो विद्यार्थी म भएँ, पालो सबैको आउँछ



काठमाडौं- कारागार चलान भएका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले निकट नेताहरूमार्फत् ४ वटा सन्देश पठाएका छन् । सोमबार रुपन्देही जिल्ला अदालतस्थित कारागार पुगेपछि लामिछानेले पठाएको सन्देश उनीनिकट नेताहरूले सार्वजनिक गरेका हुन् ।

'अदालतको आदेशको सम्मान छ । कानुनले दिएको अधिकार प्रयोग गर्छु,' लामिछानेले सन्देशमा भनेका छन्, ' तल्लो अदालतको आदेशविरुद्ध माथिल्लो आदालत जाने प्रक्रिया अवलम्बन गर्छु ।'

उनले न्यायको मन्दिरबाट अन्याय नहुनेमा आफू विश्वस्त रहेको बताएका छन् । सँगै अघि भनेका छन्, 'तर, विभिन्न आशंका उठेका र उठाइएका छन्, ति गलत सावित हुन् ।'

उनले पार्टीलाई एकढिक्का राखेर अभियान निरन्तर बनाउन पार्टीका नेताहरूलाई पनि आग्रह गरेका छन् ।

'सक्नु हुन्छ बढाउनुस्, नसके पनि नघटाउनुस् । अभियानलाई जनताको बीचमा पुऱ्याउनुस्,' उनले नेताहरूलाई भनेका छन् ।

उनले आफूमाथि राजनीतिक प्रतिशोध भएको भन्दै पालो सबैको आउने बताएका छन् ।

'अहिले ममाथि राजनीतिक प्रतिशोध भयो । पालो सबैको आउँछ,' लामिछानेले भनेका छन्, 'यो परीक्षाको पहिलो विद्यार्थी म भएँ । मैले जसरी नै जाँच अरूले पनि दिनुपर्ने छ ।'

# बल्खुमा राप्रपाको खबरदारी सभा



काठमाडौं- 'जय राष्ट्रवाद'को नारा लगाउँदै राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) को खबरदारी सभा सुरु भएको छ ।

काठमाडौंको बल्खु चोकमा बागमती प्रदेशस्तरीय खबरदारी सभा सुरु भएको हो ।

सभामा राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देनले पृथ्वी नारायण शाहको तस्बिरमा माल्यार्पण गरेका छन् । कार्यक्रममा नेताहरू पशुपति शमशेर राणा, डा.प्रकाशचन्द्र लोहनी बुद्धिमान तामाङ र ध्रुवबहादुर प्रधान, विक्रम पाण्डे लगायतका नेताहरू सहभागी छन् ।

पार्टीको झण्डा, नेपालको राष्ट्रिय झण्डा र बाजागाजासहित राप्रपा नेता कार्यकर्ताहरू कार्यक्रमस्थल पुगेका छन् । सभालाई सहभागी शीर्ष नेताले सम्बोधन गर्ने बताइएको छ । नेताहरूले सम्बोधन गर्नुअघि कार्यक्रमस्थलमा विभिन्न बाजासहित पञ्चे बाजा समेत बजाइएको छ ।

गत १५ गते तीनकुनेमा राजावादीहरूले गरेको प्रदर्शन हिंसात्मक बनेपछि बल्खु आसपासमा कार्यक्रमलाई मध्यनजर गर्दै प्रशासनले ठुलो संख्यामा सुरक्षाकर्मी तैनाथ गरेको छ ।

# प्रधानमन्त्रीको प्रश्न- प्रतिस्पर्धी बन्नुपर्ने दुई दल एक हुनु राष्ट्रिय एकताको बाटो होइन ?

काठमाडौं- प्रधानमन्त्री केपी शर्मा ओलीले देशको अवस्था संक्रमणकालीन र जटिल बन्न थालेपछि मुख्य प्रतिस्पर्धामा उत्रनुपर्ने दुई ठूला दल (नेकपा एमाले र नेपाली कांग्रेस) एक ठाउँमा उभिनपरेको बताएका छन् ।

सोमबार काठमाडौंमा आयोजित हिमालयन डाइलगलाई सम्बोधन गर्ने क्रममा प्रधानमन्त्री ओलीले कांग्रेस र एमाले एक हुनु राष्ट्रिय एकतातर्फको सबैभन्दा ठूलो र महत्त्वपूर्ण बाटो भएको जिकिर गरे ।

'नेकपा एमाले र नेपाली कांग्रेसजस्ता मूल प्रतिस्पर्धीहरू एकै ठाउँमा मिलेर राष्ट्रका समस्या समाधान गर्न तयार छन्,' प्रधानमन्त्री ओलीले भने, 'जसले प्रतिस्पर्धा



गर्नुपर्थ्यो अहिलेको अवस्थालाई संक्रमणकालीन लाग्यो, जटिलता थपिन लाग्यो भनेर यी जटिलतालाई समाधान गर्नका लागि एक ठाउँमा मिलेर संयुक्त प्रयास दिन लागेका छन् । राष्ट्रिय एकताको बाटो होइन यो ?'

उनले कांग्रेस-एमाले बाहेकका दल प्रतिस्पर्धामा नभएको भन्दै दुई ठूला दल एक हुनु नै राष्ट्रिय एकतातर्फको सबैभन्दा ठूलो स्टेप भएको उल्लेख गरे ।

'अरु पार्टीहरू प्रतिस्पर्धामा होइन नि त । प्रतिस्पर्धामा कांग्रेस र एमाले छन् नि । कांग्रेस र एमाले एक हुनु भनेको राष्ट्रिय एकतातर्फको सबैभन्दा ठूलो र मेजर स्टेप हो,' प्रधानमन्त्री ओलीले भने । वर्तमान सरकार रस्साकस्सीकाबीच नचलेको प्रधानमन्त्री ओलीको भनाइ थियो ।

'अहिलेको सरकारले रस्साकस्सीको बीचमा होइन, एउटाले थाहा पाइन, बुझिन भन्ने हिसाबले होइन । कसलाई के स्वार्थ होलान्, पार्टीभित्र कसलाई रिस भ्वाँक फेर्नपर्ने आफ्ना कुरा होलान,' ओलीले भने, 'तर, आन्तरिक नीति, अन्तर्राष्ट्रिय सम्झौता गर्दा हामी एक ठाउँ छौं ।'

# धरानको जंगलमा रूखमुनि भेटियो महिलाको शव, हत्याको आशंका

विराटनगर- सुनसरीको धरानको जंगल क्षेत्रमा महिलाको शव फेला परेको छ । सोमबार दिउँसो धरान उपमहानगरपालिका-६ स्थित पाँचकन्या सामुदायिक वनमा महिलाको शव फेला परेको हो ।

गोठालो गएकाहरूले जंगलभित्रको लसुनेको रुख मुनी अडेसा लागेको अवस्थामा शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । प्रारम्भिक अनुसन्धानका क्रममा महिलाको हत्या गरी शव जंगलमा छाडेको जस्तो देखिएको प्रहरीले बताएको छ । ३०- ३५ वर्षको जस्तो देखिने महिलाको घाँटीमा चोट छ ।

सुनसरीका प्रहरी उपरीक्षक सुमनकुमार तिम्सिनाले शव भेटिएपछि अनुसन्धान सुरु गरेको बताए । शवको पहिचानको प्रयास भइरहेको बताउँदै उनले घटनास्थलबाट शवलाई बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा लगिएको बताए ।



शव भेटिएपछि घटनास्थलमा प्रहरीको फरेन्सिक विज्ञसहितको प्राविधिक टोलीले कुकुर पनि प्रयोग गरेको थियो ।

घटना शंकास्पद भएकाले सुक्ष्म रुपमा अनुसन्धान भइरहेको तिम्सिनाले बताए ।

# झ्याल्टुङडाडामा खानेपानीले दिएको खुसी : अब गाउ छोड्ने मन छैन



नवलपरासी- खानेपानीको चरम अभाव झेलिरहेको बस्ती झ्याल्टुङडाँडामा खानेपानी पुगेपछि बसाइँ सर्ने क्रम रोकिएको छ ।

नवलपरासी (बर्दघाट सुस्ता पूर्व) नवलपुरको मध्यविन्दु नगरपालिका-१० झ्याल्टुङ डाँडामा खानेपानीको समस्या भएपछि केही वर्षदेखि गाउँ छाड्ने क्रम बढ्दै गएकामा अहिले उक्त क्रम रोकिएको झ्याल्टुङडाँडा ,चिसोपानी, पोखरी ताल खानेपानी सरसफाइ उपभोक्ता संस्थाका अध्यक्ष हेमबहादुर थापाले बताए ।

'गाउँ छाडेर जाने गइसके, खानेपानी सफल नभएको भए म पनि हिँड्थे, पानी आयो, छाडेर जान पनि मन लागेको छैन । जग्गा छ, वस्तु पाल्न मिलेको छ, यही बस्ने हो अब,' हेमबहादुरले भने ।

विसं २०७६ मा सुरु भएको लिफ्टिङ खानेपानी योजना अहिले आएर पूर्ण भएको संस्थाका अध्यक्ष थापाले बताए । निर्माणको काम ढिलो हुँदा खानेपानी गाउँमा आउँदैन कि भनेर निराश बनेका आफूहरू अहिले खुसी भएको उनले बताए । खानेपानीको अभावकै कारण गाउँ छाडेका केही फर्किन लागेको उनले बताए ।

खानेपानी लिन डेढ दुई घण्टा लाग्ने गरेकोमा अहिले घर छेउको धारामा पानी आउँदा गाउँ नै रमाइलो भएको नरबहादुर सारू मगरले बताए । खानेपानी संस्थाका सचिवसमेत ररहेका उनका अनुसार अहिले झ्याल्टुङडाँडासहित वरपरका गाउँ पोखरी ताल, चिसापानी ,सानो पोखरी, टाडीलगायतका गरी करिब एक सय ९१ घरलाई खानेपानीको सुविधा पुगेको छ । अँधेरी खोलाको मुहानबाट लिफ्टिङ गरी खानेपानी वितरण गरिएको उनले बताए ।

खानेपानीको समस्या भएपछि गाउँ छोड्ने टुङ्गोमा पुगिसकेको अवस्थामा अहिले पानी घरकै धारामा आउँदा स्वर्गै जस्तो लागेको स्थानीय गोमा विकले बताइन् । ' अहिले त धेरै सुविधा भयो, पहिले एक दुई खेप भन्दा धेरै पानी बोक्न सकिन्थेन, केही समय पानी नआए गाउँ छाडेर हिँड्नेनै टुङ्गोमा थियौं, एक खेप पानी लिन दुई घण्टा लाग्ने, लुगा धुन ,नुहाउन नपाउने' उनले भनिन्, 'अहिले धेरै सुविधा भएको छ । अहिले त स्वर्गै जस्तो भएको छ ।'

पहिले दिनमा तीन चार खेप पानी बोक्नु पर्दा एक जनाको कामनै पानी बोक्ने हुने गरेको स्थानीय पुनिसरा विकले बताइन् । पानी अड्कलेर खर्च गर्नुपर्नेमा अहिले घरमै खानेपानीको धारा आएपछि खानेपानीको समस्या टरेको उनले बताइन् ।

पानीको समस्या हुँदा डुल्दै कोही पाहुना आएर पानी मागे पनि दिन नपुग्ने अवस्था रहेको इशरा बाकवलले बताइन् । बसाइँको हिसाबले सुन्दर ठाउँ भए पनि खानेपानी नहुँदा झ्याल्टुङडाँडाका स्थानीयले लामो समयदेखि दुःख पाउँदै आएकोमा अहिले खानेपानीको दुःख हटेको उनले बताइन् ।

झ्याल्टुङडाँडामा गण्डकी प्रदेश सरकारको लागतमा खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय तनहुँ, इकाइ कार्यालय नवलपुरमार्फत करिब रु एक करोडको लागतमा लिफ्टिङ प्रविधिबाट खानेपानी योजना सम्पन्न गरिएको इकाइ कार्यालय नवलपुरका प्रमुख महेन्द्र आचार्यले बताए । कार्यालयले खानेपानी नपुगेका घरमा खानेपानी पुऱ्याउने लक्ष्यका साथ योजना निर्माण गरी काम गरिरहेको उनले बताइन् ।

झ्याल्टुङडाँडा सहितको क्षेत्रमा खानेपानीको व्यवस्थाका लागि मध्यविन्दु नगरपालिका-१० र नगरपालिका कार्यालयबाट विद्युतीकरणमा सहयोग पुऱ्याएका नगर प्रवक्ता एवं वडा नं -१०का वडाध्यक्ष रणबहादुर थापा क्षेत्रीले बताइन् । मुहान भएको स्थानसम्म विद्युत् पुऱ्याउने र ट्रान्समिटर जडान गर्ने लगायतका कार्यका लागि रु २० लाख बजेट विनियोजन गरी काम गरिएको उनले बताइन् ।

## रामेछाप डायरी

# रामेछापका टिकटक भाइरल बिक्रम हायु र बाबुराम हायु सम्मानित



रामेछापका टिकटक भाइरल बिक्रम हायु र बाबुराम हायु सम्मानित हुनुभएको छ । उहाँहरुलाई रामेछाप नगरपालिका वडा नं ७ ले सम्मान गरेको छ । टिकटकमा रमाईलो भिडियो बनाएर भाईरल बनेका दाजुभाईलाई सार्वजनिक सुनुवाई कार्यक्रमको अवसरमा नगद सहित सम्मान गरिएको हो ।

हायु दाजुभाईले रामेछाप नगरपालिकाको घरगाउँमै पुगेर कृषकहरुले उत्पादन गरेको विभिन्न कृषि उपजहरुलाई खरिद गर्ने गरेका छन । कृषकको उत्पादनलाई बजारसम्म पुर्याउन सहयोग गरेको भन्दै उहाँहरुलाई प्रत्साहन स्वरुप नगद ३ हजार सहित सम्मान पत्रद्धारा सम्मान गरिएको हो ।

# पत्रकार रजकको परिवारलाई रामेछापका पत्रकारहरूको आर्थिक सहयोग

राजावादीहरुले आव्हान गरेको आन्दोलनको क्रममा काठमाडौंको तिनकुनेमा रिपोटिङ गर्दै गर्दै गर्दा आगो लगाएर मारिएका एभिन्यूज टेलिभिजनका पत्रकार सुरेश रजकका परिवारलाई रामेछापका पत्रकारहरुले ३० हजार रुपैयाँ आर्थिक सहयोग गरेका छन् ।

श्रमजिवि पत्रकार मारिदा निजसंग आश्रित परिवारजनलाई आर्थिक रुपमा पर्ने संकटमा थोरै भएपनि मलमपट्टी लगाउने उद्धेश्यले उक्त रकम उपलव्ध गराईएको नेपाल पत्रकार महासंघ रामेछापका अध्यक्ष दिपक घिमिरेले बताउनुभयो । पत्रकार महासंघ रामेछापमा अबद्ध पत्रकाहरुले आफुले सकेको सहयोग गरेको उहाँले बताउनुभयो ।

नेपाल पत्रकार महासंघ रामेछाप शाखाका



सदस्यहरुले स्वच्छिक रुपमा प्रदान गरेको रकम सोमबार पत्रकार हिमाल ढुंगेल सहितको टोलीले स्वर्गीय रजकको परिवारलाई हस्तान्तरण गरेको छ ।

जन आकाश
Jana Aakash National Weekly
वर्ष -१७, अंक- ३३, २०८१ साल चैत्र २६ गते मंगलबार (APR 8, 2025)

# राष्ट्र बैंक केही समय कार्यबाहकबाटै चलाइने




काठमाडौं- नेपाल राष्ट्र बैंक केही समय कार्यबाहककै नेतृत्वमा चल्ने भएको छ । सरकारले सोमबार मात्रै वरिष्ट डेपुटी गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनालाई कार्यबाहकको जिम्मेवारी दिएको छ ।

५ वर्षे कार्यकाल पूरा गरेर गत शुक्रबार महाप्रसाद अधिकारी बिदा भएपछि सरकारले कसलाई गभर्नर नियुक्त गर्ला भन्ने चासो बढेपनि केही समय कार्यबाहकबाटै राष्ट्र बैंक चल्ने भएको हो ।

सोमबारै मन्त्रिपरिषद्को बैठक बसेपनि गभर्नर नियुक्तिको एजेण्डा छैन ।

जबकि प्रधानमन्त्री केपी शर्मा ओली १९ गते बैंकक जानुअघि नै गभर्नर नियुक्त हुने चर्चा थियो ।

ओली बैंकक जानुअघि नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले गभर्नर नियुक्तिका लागि दबाब दिएका थिए । तर, ओलीले फर्केर आएपछि निर्णय गरौंला भन्दै टारेका थिए ।

स्रोतका अनुसार त्यो बेला पूर्वमुख्यसचिव राजेन्द्र किशोर क्षत्री विवादको घेरामा परेपछि देउवाले रविन्द्र पाण्डेको नाम लिएका थिए ।

राष्ट्र बैंकको गभर्नर छान्न अर्थमन्त्री विष्णु पौडेलको अध्यक्षतामा तीन सदस्यीय समिति बनाइएकामा अहिलेसम्म समितिको एउटा पनि बैठक बस्न सकेको छैन । समितिमा पूर्वगभर्नर विजयनाथ भट्टराई र अर्थशास्त्री डा. विश्व पौडेल सदस्य छन् ।

अहिलेसम्म समितिको बैठक नबसेको र सोमबारको मन्त्रिपरिषद् बैठकमा गभर्नर नियुक्तिको एजेण्डा नरहेका कारण राष्ट्र बैंकले नयाँ नेतृत्व पाउन केही समय कुर्नुपर्ने देखिएको हो ।

समितिका सदस्य विश्व पौडेल केही दिन देश बाहिर हुनेछन् । उनी नफर्किउन्जेल समितिको बैठक बस्ने छैन । त्यसो हुँदा उम्मेदवारको लबिङ लामै समयसम्म जाने देखिएको छ ।

बालुवाटारमा ओली-देउवाको भेट

आइतबार साँझ प्रधानमन्त्री ओली र देउवाबीच बालुवाटारमा भेट भएको थियो । त्यो भेटमा गभर्नर नियुक्तिका विषयमै लामै छलफल भएको स्रोतले बतायो ।

स्रोतका अनुसार देउवाले ओलीसामु राष्ट्र बैंकका कार्यकारी निर्देशक गुणाकर भट्टलाई गभर्नर बनाउनुपर्ने बताएका छन् । उनले पूर्वअर्थमन्त्रीलाई गभर्नरका रुपमा अगाडि नसार्न पनि भनेका छन् ।

'अर्थमन्त्री भइसकेको मान्छेलाई गभर्नर बनाउनु उपयुक्त हुँदैन,' देउवाले ओलीसामु भनेका थिए । आइतबार पूर्वअर्थमन्त्री डा. युवराज खतिवडालाई गभर्नर नियुक्त गर्ने भन्ने हल्ला चलेको थियो । तर, स्वयं खतिवडा पनि गभर्नर बन्न इच्छुक छैनन् ।

स्रोतका अनुसार ओली र देउवाबीच गभर्नर नियुक्तिमा छलफल भएपनि एकमत हुन सकेन । त्यसपछि कानुन अनुसार ढुंगानालाई कामुको जिम्मेवारी दिइएको हो ।

# वस्तु आयातका क्रममा झेल्नु पर्ने प्रक्रियागत कठिनाइ समाधान गर्न व्यवसायीको आग्रह




काठमाडौं- नेपाल समुद्रपार निकासी पैठारी संघले वस्तु आयातका क्रममा झेल्नु पर्ने प्रक्रियागत कठिनाइ समाधान गर्न आग्रह गरेको छ ।

संघको टोलीले राजस्व अनुसन्धान कार्यालय पथलैया, सुक्खा बन्दरगाह सिर्सिया र वीरगन्ज भन्सार कार्यालयका प्रमुखहरुलाई भेटेर व्यवसायीले वस्तु आयातका क्रममा झेल्नु पर्ने प्रक्रियागत कठिनाइ समाधान गर्न आग्रह गरेको हो ।

संघले राजस्व अनुसन्धान कार्यालय पथलैयाका प्रमुख हरिप्रसाद शर्मासँग आयातित वस्तुको मूल्यांकन सम्बन्धमा भन्सार कार्यालयहरुसँग समन्वय गर्न, ढुवानीकर्ता वा चालकले गर्ने लापरवाहीमा व्यवसायीलाई दण्डित नगर्न र उजुरी परेकै आधारमा पक्राउ नगर्न आग्रह गरेको छ ।

व्यवसायीहरुले राजस्व अनुसन्धान कार्यालयलाई ढुवानी साधनको खानतलासीमा मात्र केन्द्रित नहुन पनि आग्रह गरेका छन् । एउटै भीसीटीएसबाट पटकपटक वीरगन्जदेखि काठमाडौंसम्म सामान ढुवानी हुने गरेको सूचना प्राप्त भएको भन्दै यसलाई रोक्नुपर्ने व्यवसायीहरुको माग छ ।

उनीहरुले भन्सार कार्यालय प्रमुखलाई बढी महसुल दर रहेको हार्मोनिक कोडमा वस्तु वर्गीकरण गर्ने गरेको गुनासो गर्दै हार्मोनिक कोडलाई १० डिजिटको बनाउन आग्रह गरेका छन् ।

ड्यामेज वा टुटफुट भई आएका सामानमा भन्सार छुट दिन तथा गलत सामान आएको अवस्थामा फिर्ता गर्ने अवधि ९० दिनबाट बढाएर १८० दिन कायम गर्न पनि व्यवसायीहरुले माग गरेका छन् ।

वीरगन्ज भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत राजेन्द्र ढुंगानाले सन्दर्भ मूल्य सूची हटाउने विषयमा भन्सार प्रशासन पनि सकारात्मक रहेको र आगामी साउनबाट हट्न सक्ने बताएको संघले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ । उनले आफूले आयात गरेको सामान घोषणा गर्नुअघि व्यवसायीले आफैं जाँच गरे धेरै समस्या समाधान हुने पनि बताए ।

# गभर्नर अधिकारीले जाँदाजाँदै भने- केन्द्रीय बैंकमा ठाडो हस्तक्षेप भयो

काठमाडौं- गभर्नर महाप्रसाद अधिकारीले नेपाल राष्ट्र बैंकको स्वायत्ततामा सरकारले ठाडो हस्तक्षेप गरेको बताएका छन् ।

पाँच वर्षे कार्यकालको अन्तिम दिन गभर्नर अधिकारीले शुक्रबार पत्रकार सम्मेलन गरी केन्द्रीय बैंकको स्वायत्ततामा सरकारले ठाडो हस्तक्षेप गरेको बताएका हुन् ।

शेरबहादुर देउवा नेतृत्वको सरकारले २०७८ चैत अन्तिम साता गभर्नर अधिकारीलाई पदमुक्त गर्ने तयारी सहित न्यायिक छानबिन समिति गठन गरेको थियो । त्यतिखेरका अर्थमन्त्री जनार्दन शर्माको प्रस्तावमा न्यायिक छानबिन समिति गठन भएपछि अधिकारी निलम्बनमा परेका थिए ।

त्यसैलाई लक्षित गर्दै अधिकारीले सरकारले हस्तक्षेप गरेपनि न्यायालयबाट साथ पाएको बताए । 'कार्यकालको दोस्रो वर्षमा नेतृत्वमाथि प्रहार भयो । केन्द्रीय बैंकको स्वायत्ततामा ठाडो हस्तक्षेप हुन गयो । विश्वव्यापी मान्यता तथा मर्मअनुरुप केन्द्रीय बैंकको स्वायत्तता अक्षुण राख्न सर्वोच्च अदालतले साथ दियो । सर्वोच्चका न्यायाधीशहरुलाई धन्यवाद छ । बैंकको स्वायत्ततामा हस्तक्षेप हुँदा बैंकका पूर्वगभर्नर, अर्थशास्त्री तथा सञ्चार जगतबाट पनि खबरदारी भयो,' उनले भने ।

आफूमाथि छानबिन गर्ने निर्णयविरुद्ध अधिकारी सर्वोच्च अदालत गएकामा सर्वोच्चले उनलाई काम गर्नबाट नरोक्न सरकारलाई अन्तरिम आदेश दिएको थियो । उनी २०७९ वैशाख ७ गते काममा फर्किएका थिए ।

अधिकारीले पाँच वर्षे कार्यकालमा खासगरी कोभिडका कारण चुनौतीपूर्ण बनेको अर्थतन्त्रलाई आफूले लयमा राखेको दाबी गरे ।

'कोरोना महामारी विश्व अर्थतन्त्रका लागि ठूलो चुनौती भएको अवस्थामा समेत हामी उपलब्ध स्रोत र साधनलाई प्रयोग गरेर सहजता अपनाउन सफल भयौं,' उनले भने, 'अनेक उपाय लगाएर अर्थतन्त्रलाई लयमा राख्न सफल भयौं ।'



उनले आफ्नो कार्यकालमा वित्तीय क्षेत्रको सुधारमा महत्वपूर्ण काम भएको दाबी गरे । 'यो अवधिमा मौद्रिक नीतिको आधुनिकीकरण गर्दै तरलता व्यवस्थापनलाई थप प्रभावकारी बनाउँदै लगिएको छ । ब्याजदर करिडोरलाई पनि प्रभावकारी बनाउन स्थायी निक्षेप सुविधा जस्ता व्यवस्था कार्यान्वयनमा लगिएको छ,' अधिकारीले भने ।

उनले वित्तीय क्षेत्रमा अस्वस्थ प्रतिस्पर्धा हटेर गएको दाबी गरे । उनको कार्यकालमा राष्ट्र बैंकले ११ वटा नीति, ९ वटा फ्रेमवर्क, १८ वटा मार्गदर्शन, ११ वटा निर्देशिका, ७ वटा म्यानुअल र ४१ वटा कार्यविधि जारी गरेको छ ।

# नेपालमा मात्रै होइन अमेरिकामा पनि कर बढ्नुअघि स्टक बढाउने होड

काठमाडौं- बजेट अघि कर बढ्ने सूचनासँगै नेपालमा भन्सार जाँचपास गर्न उछलकुद हुन्छ । मदिरा र चुरोटको उत्पादन गरेर वेयरहाउसमा राखिन्छ । कतिपय पसलमा चुरोटनै पाइदैन । नेपालका लागि सामान्य बन्ने गरेको यो विषय अमेरिकामा पनि देखिएको छ ।

एप्पलले भारतबाट ५ वटा विमानमा आइफोन र अन्य उत्पादनहरू भरेर अमेरिका पठाएको छ । नयाँ अमेरिकी कर नीतिको प्रभावबाट बच्नका लागि एप्पलले भारतबाट ठूलो मात्रामा उत्पादनहरू अमेरिका आपूर्ति गरेको हो ।

केवल तीन दिनको अवधिमा उक्त मात्रामा उत्पादनहरू भारतबाट पठाइएको इकोनोमिक टाइम्सले उल्लेख गरेको छ । मार्चको अन्तिम साता ती उत्पादनहरु ढुवानी गरिएको थियो । अमेरिकी सरकारले ५ अप्रिलदेखि लागू गरेको १० प्रतिशत ट्यारिफको प्रभाव कम गर्नका लागि उक्त ढुवानी गरिएको जनाइएको छ ।

एप्पलले भारत र अन्य देशहरूमा खुद्रा मूल्य परिवर्तन गर्ने योजनाबारे हालसम्म केही बोलेको छैन । कम्पनीले ट्यारिफको असरलाई कम गर्नका लागि भारत र चीनका उत्पादन केन्द्रहरूबाट अमेरिकी बजारतर्फ स्टक सारेको हो ।

यो ढुवानीका लागि उपयुक्त समय नभए पनि ट्यारिफको प्रभावलाई ध्यानमा राख्दै एप्पलले आफ्नो स्टक अमेरिका पठाउन चाँडो कदम चालेको देखिन्छ ।

एप्पलको यस 'प्रि ट्यारिफ स्टकिङ'ले कम्पनीलाई मूल्य स्थिर राख्न मद्दत पुर्‍याएको छ । अमेरिकामा अहिले केही महिनाका लागि पर्याप्त स्टक रहेको जनाइएको छ ।

'नयाँ ट्यारिफ दरका आधारमा आउने ढुवानीहरूका लागि कम्पनीले बढी मूल्य तिर्नुपर्नेछ । तर यसअघि पठाइएको सामानले कम्पनीलाई यो वृद्धिको प्रभावबाट अस्थायी रूपमा जोगाउन मद्दत पुर्‍याउने छ,' एप्पल स्रोतले टाइम्स अफ इन्डियालाई भनेको छ ।

यस कदमले एप्पललाई कुनै पनि मूल्य परिमार्जनको निर्णय गर्दा सोच विचार गर्ने केही समय दिएको छ ।

'यदि मूल्य वृद्धि गर्नुपर्ने अवस्था आयो भने यो केवल अमेरिकामा मात्र सीमित रहने छैन । बरु भारत लगायत अन्य प्रमुख बजारहरूमा पनि यसको प्रभाव पर्न सक्छ,' स्रोतले भन्यो ।

कम्पनीले हाल आवश्यक परेमा मूल्य समायोजन गर्न मिल्ने गरी आफ्नो आपूर्ति श्रृंखलामा विभिन्न ट्यारिफ संरचनाहरूले पार्ने प्रभावबारे अध्ययन गरिरहेको छ ।

अमेरिका एप्पल उत्पादनको बिक्रीका लागि प्रमुख बजार हो । कम्पनीले माग र मर्जिनमा असर पर्ने गरि उपभोक्ताहरूमाथि मूल्यको भार नपार्ने प्रयास गरिरहेको बताइएको छ ।

भारतबाट एप्पलले मात्रै निर्यातमा वृद्धि गरेको होइन । मुम्बईबाट अमेरिकी बजारमा गहना र आभूषणको निर्यात पनि अप्रिल १ देखि ४ बीचमा ६ गुणा बढेर ३४ करोड ४० लाख डलर पुगेको छ । यो अघिल्लो वर्षको ६ करोड १० लाख डलरको तुलनामा ठूलो वृद्धि हो ।

'मार्च महिनाको अन्तिम हप्ता निर्यातमा ठूलो वृद्धि देखियो,' जेम्स एन्ड ज्वेलरी एक्सपोर्ट प्रोमोसन काउन्सिलका प्रमुख किरिट भन्सालीले भने ।

फेडेरेसन अफ इन्डियन एक्सपोर्ट अर्गानाइजेसन्सका महानिर्देशक अजय सहाइले हवाई मार्गबाट ढुवानी गर्न सकिने वस्तुहरूको निर्यातमा वृद्धि भएको बताए ।

'मार्च २०२५ मा ४० अर्ब डलरको निर्यात हुने मैले अपेक्षा गरेको छु,' सहाइले भने ।

२०२४ को मार्चमा कूल निर्यात ४१.६ अर्ब डलर पुगेको थियो ।

भारतको कूल वस्तु र सेवा निर्यात अनुमानित रूपमा ८०० अर्ब डलर पार गरेको अनुमान गरिएको छ । यद्यपि, वस्तु निर्यातमा ३ प्रतिशतले कमी आएको छ । वाणिज्य तथा उद्योगमन्त्री पियुष गोयलले फेब्रुअरीमा ११ प्रतिशतले निर्यातमा गिरावट आएपछि निर्यातकर्ताहरूलाई ढुवानी तीव्र बनाउन आग्रह गरेका थिए ।

अमेरिकाले लागू गरेको नयाँ ट्यारिफले एप्पलको उत्पादन रणनीतिमा परिवर्तन ल्याउन सक्ने सम्भावना पनि छ । अमेरिकाले चीनलाई लगाएको ५४ प्रतिशतको तुलनामा भारतलाई २६ प्रतिशत कर लगाएको छ । यसकारण एप्पलले भारतमा आफ्नो उत्पादन केन्द्र बढाउन सक्छ ।

यद्यपि, उत्पादन स्थानहरूको निर्णय विभिन्न देशहरूसँगको ट्यारिफ सम्झौतामा निर्भर रहनेछ ।

हाललाई आवश्यक स्टक सुरक्षित भए पनि निर्यातकर्ताहरूले अग्रिम ढुवानीका कारण अप्रिल-जुनमा व्यापारमा कमी आउन सक्ने चेतावनी दिएका छन् । मार्चको व्यापार तथ्यांक अप्रिल १५ मा सार्वजनिक हुने अपेक्षा गरिएको छ ।

# हुलास स्टील पश्चिम क्षेत्रतर्फ व्यवसाय बढाउँदै




काठमाडौं- बाराको सिमरामा ४३ वर्षदेखि संचालनमा रहेको उद्योगले बुटवल क्षेत्रमा छिटो छरितो सेवा दिने भन्दै हुलास स्टील इण्डष्ट्रिजले बुटवलमा कारखाना खोलेको छ ।

ग्राहकले अर्डर गर्नासाथ गुणस्तरीय एच स्पान र हुलास हेरिटेज सिट उत्पादन गरी उपलब्ध गराउने उद्योगले जनाएको छ ।

उद्योगका अनुसार बुटवलमा उत्पादन तथा सेवा केन्द्र स्थापना भएसँगै त्यस क्षेत्रका ग्राहकले अर्डर गरेको २४ घण्टाभित्र डेलिभरी पाउने छन् ।

उपभोक्ताको रोजाई र साईजमा उत्पादन गरी आपूर्ति गर्ने भएको हुनाले अनावश्यक खर्च कटौती हुने उद्योगले जनाएको छ ।

'हाम्रा डिलरहरुले धेरै स्टक राख्नु पर्ने झन्झट हट्छ । आवश्यक पर्दा मात्रै सामान मगाए हुनेछ,' उद्योगले शुक्रबार प्रेस विज्ञप्तिमार्फत भनेको छ ।

# नेपाल वायुसेवा निगमको मलेसिया स्टेसन प्रमुखमा पौडेल, प्रवक्ताको जिम्मेवारी डाँगीलाई

काठमाडौं । नेपाल वायुसेवा निगमको मलेसिया स्टेसन प्रमुखका रुपमा रमेश पौडेलले जिम्मेवारी सम्हालेका छन् । उनले मलेसियाको क्वालालम्पुरस्थित निगमको कार्यालयमा शुक्रबार कार्यभार सम्हालेका हुन् ।

निगम व्यवस्थापनले पौडेललाई गत फागुन १३ गते मलेसिया स्टेसन प्रमुखमा सरुवा गर्ने निर्णय गरेको थियो । त्यहाँयसअघि नेत्रराज राउत स्टेसन प्रमुखका रुपमा कार्यरत थिए ।

पौडेल भने निगममा मार्केटिङ विभागमा कार्यरत थिए । उनी प्रवक्ताको जिम्मेवारीमा पनि थिए । उनले यसअघि संयुक्त अरब इमिरेट्समा कण्ट्री म्यानेजरको रुपमा काम गरेका थिए । पौडेल मलेसिया गएसँगै निगमले प्रवक्ताको जिम्मेवारी सुवास डाँगीलाई दिएको छ ।



# खेलकुद

## खुला टेबलटेनिसमा राजन र शेखर फाइनलमा



काठमाडौं- राजन सुब्बा र शेखर श्रेष्ठ सोमबार दोस्रो राष्ट्रिय खुला जुनियर तथा भेट्रान टेबलटेनिस प्रतियोगिताको भेट्रान ६० वर्षमाथि पुरुष सिंगल्समा फाइनल पुगेका छन् । राजनले आनन्दरत्न धाक्वालाई ३-० र शेखरले अशोक शर्मालाई ३-० को सोझो सेटमा पराजित गरे ।

राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा भइरहेको प्रतियोगिताको जुनियरमा ४ तथा भेट्रानमा ३ विधामा प्रतिस्पर्धा भइरहेको छ । चैत २८ सम्म चल्ने प्रतियोगितामा २ सय ५० खेलाडीको सहभागिता रहेको प्रतियोगिता संयोजक धर्ममान वज्राचार्यले जनाए ।

हरेक विधाका शीर्ष तीन स्थान हात पार्ने खेलाडीले क्रमशः १० हजार, ५ हजार र २ हजार ५ सय रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् ।

## प्रथम र दीपालाई एकल कातामा स्वर्ण

काठमाडौं – नरहरिपुर डोजोका प्रथम मानन्धर र दीपा पुन मगरले सोमबार सहिद सागर सिंह र ज्ञानबहादुर शाही स्मृति कराते प्रतियोगितामा स्वर्ण पदक जितेका छन् । दुवै एकल कातामा विजेता भएका हुन् ।



पुरुषमा भक्तपुरका कुशल थापा दोस्रो तथा भक्तपुरका साहस तामाङ र लुभूका साइमल राई तेस्रो भए । महिलामा नगदेशकी मिस्ती श्रेष्ठ दोस्रो तथा लुभूका इतुशा महर्जन र धनबहादुर स्मृति प्रतिष्ठानकी स्नेहा तामाङ तेस्रो स्थानमा रहे ।

नेपाल सितोरियो कराते डो संघ प्रयोगपोखरी डोजोद्वारा आयोजित प्रतियोगिताको पुरुष ६० केजीमुनि ठैवका अजय भोम्जन पहिलो भए । उनले फाइनलमा नगदेशका अंकित खड्कालाई हराए । टौखेलका उसन तामाङ र नरहरिपुरका देवकुमार ठाकुर तेस्रो भए ।

ललितपुर महानगरपालिकाको सहयोगमा पाटन दरबार स्क्वायरमा भइरहेको प्रतियोगिताको पुरुष २५ केजीमा नगदेशका विष्णु थापाले स्वर्ण जिते । उनले फाइनलमा नरहरिपुरका सुगन्ध पुनलाई हराए । टौखेलका अजय स्याङ्तान र ठेचोका प्रमोद मल्लले कांस्य जिते ।

दुईदिने प्रतियोगितामा पुरुष/महिलामा एकल काता र कुमितेमा ११-११ गरी २२ स्पर्धा समावेश रहेको छ ।

## बार्सिलोनामा गुन्जियो पञ्चेबाजा



बार्सिलोना- स्पेनको पर्यटकीय शहर बार्सिलोनाको मुटु सग्रादा फैमिलिया आइतबार नेपाली रङ, धुन र संस्कृतिले गुञ्जियो । विश्वप्रसिद्ध गिर्जाघर अगाडि पारिलो घाममा ढाका टोपी, गुन्यु चोली, विभिन्न जातजातिका भेषभूषा र नेपाली झण्डाका छायाँहरू फिँजिँदा त्यो क्षण लाग्थ्यो, 'नेपाल आफैं बोलेको छ ।'

यो दृश्य अझ हृदयस्पर्शी तब भयो जब नेपाली पाठशाला बार्सिलोनाका स-साना बालबालिका परम्परागत पोशाकमा सजिएर आत्मविश्वासका साथ नेपालबारे सुनाउन थाले । उनीहरूको मुहारमा हाँसो,पहिरनमा गौरव, अनि चाल-ढालमा संस्कार मिसिएको थियो ।

सामुदायिक विकास योजना प्ला कमुन्तारी सग्रादा फैमिलियाको अन्तरसांस्कृतिक विभाग र नेपाली जनप्रगतिशील मञ्च स्पेनको आयोजनामा सम्पन्न तीनदिने कार्यक्रमको समापन दिन नेपाल केन्द्रमा थियो ।परम्परागत नृत्य, गीत र पञ्चेबाजाको समिश्रणले दर्शकहरूलाई मन्त्रमुग्ध बनायो ।

स्थानीय ६० वर्षीय खुवान पाब्लो फर्नान्डेज आफ्ना परिवारसँग कार्यक्रम हेर्न आएका थिए । 'नेपालका हिमालबारे सुनेको थिएँ, तर आज त्यो संस्कृति प्रत्यक्ष देख्न पाइयो,' उनले भने ।

पञ्चेबाजाको लयमा उनले पनि कम्मर मर्काए । 'यस्तो जीवन्तता र ऊर्जा मैले कमै ठाउँमा देखेको छु,' उनी मुस्कुराए ।

कोलम्बियाका डिएगो स्पेनमा दुई दशकदेखि बस्दै आएका हुन् । नेपाली झण्डा एकदमै फरक र आकर्षक लागेको उनले सुनाए । सयौं महिला-पुरुष र साना बालबालिका एकैसाथ पञ्चेबाजामा सहभागी भएको देख्दा उनी छक्क परे । 'साँस्कृतिक ऊर्जा र एकता यस्तो रूपमै देख्न पाउनु भाग्यको कुरा हो,' उनले थपे ।

कार्यक्रमस्थलमा राखिएको नेपाली पर्यटन प्रवर्द्धन स्टल विदेशी दर्शकका लागि जानकारीको केन्द्र बन्यो । नेपाल झल्काउने पोस्टर, ब्रोसर र सामग्रीहरूसँगै नेपाली प्रतिनिधिहरूले विदेशी पर्यटकलाई नेपाल भ्रमणका सम्भावना बारे जानकारी दिँदै थिए ।


कार्यक्रममा नेपाली राजदूत शनिल नेपालले बार्सिलोनाको मुटुमा नेपाल चिनाउने यो प्रस्तुति सांस्कृतिक कूटनीतिको उत्कृष्ट नमुना भएको बताए । 'हामी सबै विदेशी साथीहरूलाई नेपाल भ्रमणको निम्तो दिन चाहन्छौं- जहाँ तपाईंलाई प्रकृति मात्रै होइन, आत्मीयता पनि भेटिन्छ,' उनले भने ।

बार्सिलोनास्थित नेपाली पाठशालाका बालबालिकाले लगाएका पोशाकहरूले दर्शकको ध्यान खिच्यो । स-साना नानीहरू ढाकाको टोपी, गुन्यु चोली र झकिझकाउ पहिरनमा सजिएर जब स्टेजमा चढेका थिए, दर्शकदीर्घाबाट तालीको वर्षा भयो । 'यी नानीहरू हामीलाई हाम्रो संस्कृतिसँग पुनः जडित गराइरहेका छन्,' अभिभावकहरू कानेखुशी गर्दै थिए । कार्यक्रममा स्थानीय कलाकारहरुले विभिन्न प्रस्तुतिहरु राखेका थिए ।

नेपाली जनप्रगतिशील मञ्च स्पेनका अध्यक्ष विशाल ढुंगानाले प्रत्येक वर्षझैं यो पटक पनि कार्यक्रम सफल भएकोमा सहभागीलाई धन्यवाद दिए । यसपटक नेपालीको बाक्लो उपस्थिति रहेको थियो । युरोपको अन्तिम गन्तव्य बनाउँदै स्पेन छिरेका कलिला अनुहारहरू प्रष्ट देखिन्थे । स्पेनमा जस्तोसुकै दुःख र पीडा झेलेका भए पनि उनीहरूको अनुहारमा नेपालपन झल्किएको खुशी भेटिन्थ्यो ।

# सोसल मिडियामा घिब्ली फोटोको ट्रेण्ड, गोपनीयतामा गम्भीर खतरा

*घिब्ली शैलीका एनिमेटेड फोटोको पछिल्लो भाइरल ट्रेण्डले विभिन्न कपिराइटयुक्त सिर्जनाहरूलाई एआई टूलले दुरुपयोग गर्ने गम्भीर सवाल खडा भएको छ र यसले भविष्यमा मानव कलाकारको जीविकामै अवरोध सिर्जना गर्नसक्छ ।*



काठमाडौं- ओपन एआईको च्याट जीपीटीले वास्तविक फोटोलाई कार्टुनको पात्रजस्तै अवतारमा परिवर्तन गर्ने (घिब्ली अवतार) फिचर गत हप्ता सुरु गरेसँगै यसले सोसल मिडियामा एक प्रकारको आँधी सिर्जना गरेको छ ।

विश्वभरका नेतादेखि सेलिब्रिटी र आम साधारण प्रयोगकर्तासम्म, सबैले आफ्ना वास्तविक फोटोलाई च्याट जीपीटीमार्फत् एआई सिर्जित घिब्ली अवतारमा परिणत गरी रमाइलो मान्दै सोसल मिडियामा शेयर गरिरहेका छन् ।

च्याट जीपीटीको पछिल्लो संस्करणमा प्रयोगकर्ताले आफ्नै फोटो वा इन्टरनेटमा भाइरल कुनै पनि मिम्सलाई गज्जबको घिब्ली शैलीको कलात्मक चित्रमा परिणत गरिदिन्छ ।

उता एलन मस्कको च्याटबट ग्रोकमा पनि यस्तै इमेज जेनेरेसन फिचर उपलब्ध छ । मस्कको एक्स एआईले यो फिचरलाई ग्रोक थ्रीमा आबद्ध गरेको छ जसबाट प्रयोगकर्ताले निःशुल्क रुपमा घिब्ली शैलीको फोटो सिर्जना गर्न सक्दछन् ।

अहिले भाइरल बनिरहेको यो ट्रेण्डमा आम मानिसहरु मग्न भइरहँदा उता डिजिटल प्राइभेसीका पैरवीकर्ताहरुले भने प्रयोगकर्ताहरुलाई चेतावनीको घण्टी बजाइरहेका छन् ।

विज्ञहरुको चिन्ता के छ भने च्याट जीपीटीले आफ्नो एआईको प्रशिक्षणका लागि यो ट्रेण्डमार्फत् लाखौं प्रयोगकर्ताका व्यक्तिगत फोटाहरु संकलन गरिरहेको हुनसक्छ । प्रयोगकर्ताले च्याट जीपीटीमा आफ्ना निजी फोटाहरु अपलोड गरी कार्टुनको पात्रजस्तै नयाँ तस्वीर प्राप्त गरेर मज्जा लिइरहेको बेला अन्जानमा ओपन आईलाई आफ्नो अनुहारको ताजा डेटाहरु हस्तान्तरण गरिरहेको र यसले गोपनीयता सम्बन्धी गम्भीर चिन्ता खडा गरेको तर्क कतिपय विज्ञहरुको छ ।

**के हो घिब्ली ?**

सन् १९८५ मा हायाओ मियाकाजी, इसाओ ताकाहाता र तोसियो सुजुकीले स्थापना गरेको विश्वप्रसिद्ध जापानी एनिमेसन स्टुडियोको नाम हो स्टुडियो घिब्ली । यो स्टुडियोले स्प्रिटेड अवे, पिन्सेस मोनोनोक, होवल्स मुभिङ क्यासल जस्ता कैयन् सुन्दर तथा प्रसिद्ध एनिमेटेड फिल्महरु उत्पादन गरिसकेको छ । यसलाई पूर्वको डिज्नी भनेर पनि चिनिन्छ । यद्यपि यसको आफ्नै पहिचान र कथानक दर्शन छ ।

'घिब्ली' एक इटालियन भाषाको शव्द हो । यसको अर्थ 'तातो मरुभूमिको हावा' भन्ने हुन्छ । एनिमेसन उद्योगमा नयाँ हावा बहाउने स्टुडियोको उद्देश्यका साथ यसको नाम 'घिब्ली' राखिएको बताइन्छ ।

घिब्लीका एनिमेसन हातले कोरिएका तथा गहन रुपमा कलात्मक हुन्छन्, जो अहिलेको तीव्र गतिवान तथा डिजिटल ढाँचा भन्दा फरक छन् ।

जीवन्त तथा वातावरणमै डुबेको अनुभूति गराउने विस्तृत पृष्ठभूमि, पात्रहरुको सलल बगेको तथा वास्तविक र अर्थपूर्ण भावभंगी र शैली, पृष्ठभूमिसँग तादात्म्य राख्नेगरी प्राकृतिक तत्वहरुको मिलान जस्ता विशिष्टता घिब्लीका एनिमेटेड सिर्जनाहरुमा पाइन्छ ।

घिब्लीका सस्थापक हायाओ मियाजाकीको पछिल्लो फिल्म द ब्वाय एण्ड हेरोनले सन् २०२४ मा सर्वोत्कृष्ट एनिमेटेड फिचर फिल्ममा ओस्कार अवार्ड जितेको थियो ।

**एआई एनिमेसन र मियाजाकी**

घिब्लीका सर्जक मियाजाकी हातले कोरिएका एनिमेसनका खरो पक्षपाती हुन् । यस्ता सिर्जनामा कलाकारको आत्मा प्रतिविम्बित हुन्छ भन्ने उनको तर्क छ । डिजिटल एनिमेसन तथा आधुनिक कम्प्युटर सिर्जित विधिको को सख्त विपक्षमा रहँदै आएका छन् । कम्प्युटर ग्राफिक्समा कुनै जीवन्तता नहुने उनको धारणा छ । कथावाचनमा पारम्परिक कलात्मकता र मानवस्पर्शको उनले सदैव पैरवी गर्दै आएका छन् ।

अझ एआई तथा प्रविधि सञ्चालित सिर्जनात्मकताको त उनी कठोर आलोचक हुन् । सन् २०१६मा आफ्नै बारे निर्माण गरिएको डकुमेन्ट्री नेभर इन्डिङ म्यानः हायाओ मियाजाकीको प्रदर्शनका क्रममा एआई निर्मित एनिमेसन देखाइएपछि उनको टिप्पणी थियो- जसले यो सामग्री सिर्जना गर्यो, उसलाई पीडा भन्ने कुरा थाहै छैन । म पूर्णरुपमा निरास भएँ । मैले मेरो कर्ममा यो प्रविधिलाई कहिल्यैपनि आबद्ध गर्ने छैन । मलाई लाग्छ कि यसो गर्नु भनेको जीवनलाई नै अपमान गर्नु हो ।

**पछिल्लो ट्रेण्डले सिर्जना गरेका विवाद**

घिब्ली शैलीका एनिमेटेड फोटोको पछिल्लो भाइरल ट्रेण्डले विभिन्न कपिराइटयुक्त सिर्जनाहरुलाई एआई टूलले दुरुपयोग गर्ने गम्भीर सवाल खडा भएको छ र यसले भविष्यमा मानव कलाकारको जीविकामै अवरोध सिर्जना गर्नसक्छ । ८४ वर्षीय मियाजाकीले एनिमेसनमा एआईको भूमिकाप्रति आशंका व्यक्त गरेका छन् ।

उता डिजिटल गोपनीयताका पैरवीकर्ताहरुले चाहिँ ओपन एआईको डेटा संकलन रणनीति केवल एआई कपिराइटको विषय मात्र नभएको बताउँछन् । यसबाट एआई कम्पनीहरुलाई प्रयोगकर्ताले स्वेच्छाले पेश गरेका फोटाहरु संकलन गर्न अनुमति दिने भएकाले वेबमा आधारित डेटाहरुका विषयमा लागू हुने कानूनी बन्देजहरुलाई समेत यसले बाइपास गर्ने उनीहरुको तर्क छ ।

विज्ञ भन्छन्- हामीले आफ्ना निजी फोटो च्याट जीपीटीलाई सुम्पिइरहेका छौं

एआई, टेक एण्ड प्राइभेसी एकेडेमीकी सहसस्थापक ब्राजिलियन शोधकर्ता लुजिया जारोभ्स्कीले एक्स प्लाटफर्ममा लेखेको एउटा टिप्पणी यस्तो छ-

धेरै मानिसहरूले बुझ्न सकेका छैनन् कि 'घिब्ली प्रभाव' केवल एक एआई प्रतिलिपि अधिकार विवाद मात्र होइन, बरु यो ओपन एआईको एक चतुर प्रचारप्रसार रणनीति हो, जसको उद्देश्य हजारौं नयाँ व्यक्तिगत फोटाहरूमा पहुँच प्राप्त गर्नु हो ।

**यो यसरी गरिएको छ-**

घिब्ली (सेसमी स्ट्रिट) शैलीमा आफ्नो अवतार बनाउने लहर चलिरहेकाले, अहिले हजारौं मानिसहरूले आफैंले आफ्नो अनुहार र व्यक्तिगत तस्बिरहरू च्याट जीपीटीमा स्वेच्छाले अपलोड गरिरहेका छन् । जसका कारण ओपन एआईले आफ्ना एआई मोडेलहरूको प्रशिक्षणका लागि सहज, निःशुल्क र ठूलो संख्यामा नयाँ अनुहारहरू पाउँदै आएको छ ।

कतिपयले तर्क गर्न सक्छन् कि यो कुराले खासै अर्थ राख्दैन, किनभने ओपन एआईले यी तस्बिरहरू इन्टरनेटबाटै स्क्र्याप गरेर पनि प्रयोग गर्न सक्थ्यो । तर यो कुरा दुई कारणले सत्य होइन-

१. गोपनीयताको 'बाइपास'

युरोपेली युनियन जस्ता क्षेत्रमा जब ओपन एआईले इन्टरनेटबाट व्यक्तिगत तस्बिरहरू संकलन गर्छ, उसले आम डेटा सुरक्षण नियम (जिडिपिआर) अनुसार 'वैध स्वार्थ' लाई कानुनी आधारको रूपमा प्रयोग गर्छ ।

यस सन्दर्भमा, ओपन एआईले त्यसबाट व्यक्तिहरूलाई हानि पुऱ्याउन नहुने, वा उनीहरूको हितविपरीत जान नहुने बाध्यता हुन्छ । त्यसैले उसले अतिरिक्त सुरक्षा उपायहरू अपनाउनु पर्छ- कहिलेकाहीँ त ती तस्बिरहरू मोडेल प्रशिक्षणमा प्रयोग नगर्ने निर्णय समेत गर्नुपर्छ ।

अन्य देशहरूको गोपनीयता कानुनले पनि स्क्र्याप गरिएका तस्बिरहरू, विशेष गरी बालबालिकाका तस्बिरहरूको हकमा अतिरिक्त सुरक्षा व्यवस्था माग गर्छ ।

तर जब मानिसहरूले आफैले यी तस्बिरहरू स्वेच्छाले अपलोड गर्छन्, तब ओपन एआईले तिनीहरूलाई 'अनुमति' (अयलकभलत) को आधारमा प्रयोग गर्न सक्छ, जिडिपिआरको धारा ६.१ अनुसार । यस अवस्थामा वैध स्वार्थको सन्तुलन परीक्षण (दबबिलअष्लन तभकत) आवश्यक पर्दैन, र ओपन एआईले स्वतन्त्र रूपमा ती डाटाहरू प्रयोग गर्न सक्छ ।

ओपन एआईको गोपनीयता नीतिमा स्पष्ट लेखिएको छ कि यदि प्रयोगकर्ताहरूले अनुमति प्रदान नगर्ने निर्णय नगरेमा (अप्टआउट नगरेसम्म) उनीहरूले दिएको व्यक्तिगत डाटा एआई मोडेल प्रशिक्षणका लागि प्रयोग गरिनेछ ।

**२. नयाँ, ताजा तस्बिरहरू**

यो प्रवृत्ति 'चतुर गोपनीयता चाल' (privacy trick) भएको दोस्रो कारण के हो भने, मानिसहरूले अहिले नयाँ तस्बिरहरू अपलोड गरिरहेका छन् । पारिवारिक फोटोहरू, व्यक्तिगत र कहिलेकाहीँ गोप्य तस्बिरहरू समेत, जुन पहिले कहिल्यै सामाजिक सञ्जालमा देखिएको थिएन ।

ओपन एआईले यी सबै ताजा तस्बिरहरू निःशुल्क रूपमा पाउँदै आएको छ । यिनीहरूको मूल प्रति केवल ओपन एआई सँगमात्रै हुनेछ । अन्य एआई कम्पनीहरूले र सामाजिक सञ्जालहरूबाट त केवल ती वास्तविक र सक्कली तस्वीहरुको 'घिब्ली संस्करण' मात्र हेर्न सकिन्छ ।

तथापि यो ट्रेण्ड झनै फस्टाइरहेको छ । आफ्नो रमाइलो अवतार प्रयोग गर्नका लागि च्याट जीपीटीमा आफ्नो फोटो अपलोड गरेमात्रै पुग्छ र अन्य थर्डपार्टी एपहरुको प्रयोग गर्नुपर्दैन भन्ने थाहा पाएपछि मानिसहरु यो भाइरल ट्रेण्डमा जोडतोडका साथ भाग लिइरहेका छन् ।

**एजेन्सीहरुको सहयोगमा**

# विद्युतीय पासोमा परेर सिरहामा १३ वर्षीया बालिकाको मृत्यु, एक महिनापछि खुल्यो रहस्य


काठमाडौं- विद्युतीय पासोमा परेर सिरहामा १३ वर्षीया बालिकाको मृत्यु भएको खुलेको छ। लामो समय गुपचुप रहेको यो विषय करिब एक महिनापछि बाहिर आएको हो।

विद्युतीय पासोमा परेर मृत्यु हुनेमा गोलबजार नगरपालिका-९ कि १३ वर्षीया गुलसना खातुन छिन्। २९ फागुनमा उनी बिहान ९ बजेतिर घाँस काट्न भन्दै घरबाट निस्केकी थिइन्।

तर घरमा नफर्केको भन्दै परिवारले खोजतलासका लागि इलाका प्रहरी कार्यालय मिर्चैयामा निवेदन दिएका थिए। खोजतलासकै क्रममा ती बालिकाको शव १२ चैतमा गोलबजार-९ मा रहेको घुर्मी खोलामा भेटिएको थियो।

प्लास्टिकको बोराभित्र कोचिएको अवस्थामा शव फेला परेपछि हत्याको आशंका गर्दै प्रहरीले अनुसन्धान अघि बढाएको थियो।

केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) मधेश प्रदेश प्रहरीको टोली र स्थानीय सिरहाको टोली अनुसन्धानमा खटिएको थियो। अनुसन्धानका क्रममा आइतबार मात्रै प्रहरीले गोलबजार-९ गोविन्दपुरका २४ वर्षीय जनक भनिने बीरबहादुर सार्कीलाई प्रहरीले पक्राउ गरको छ। उनीविरुद्ध कर्तव्य ज्यानको कसुरमा सिरहा जिल्ला



अदालतबाट ७ दिनको म्याद समेत लिएर अनुसन्धान अघि बढाइएको सिरहा प्रहरीका प्रवक्ता वीरेन्द्रकुमार पासवनाले बताए।

प्रहरीका अनुसार सार्कीले थापेको विद्युतीय पासोमा परेर ती बालिकाको मृत्यु भएको पाइएको छ। सार्कीले जनावरबाट मकै जोगाउन भन्दै बारीमा विद्युतीय पासो थापेका थिए। त्यही पासोमा परेर ती बालिकाको मृत्यु भएको पाइएको पासवानले बताए।

ती बालिका घाँस काट्दै जाने क्रममा मकैबारीमा थापिएको विद्युतीय पासोमा परेको पाइएको छ।

आफूले थापेको पासोमा परेर बालिकाको मृत्यु भएपछि उनले बोरामा प्याक गरेर शव फालेको प्रहरीको भनाइ छ।

पृष्ठ १ बाट जारी

## देश आन्दोलनका...

सभापति अच्युत लामिछानेले चितवनको मञ्चवाट आग्रह समेत गरेका छन्।

सभापति पक्राउ गर्न पुगेका डिएसपीले रास्वपाका सभापति लाभिछानेलाई अन्तिम ईच्छा के छ भनेर सोधेपछि उक्त विषय निक्कै चर्चामा र गम्भिर रुपमा आएको छ। त्यसपछि सभापति लामिछानेले आम नागरिकलाई सम्बोधन गर्दै आफुलाई मारेपनि घण्टी चिन्ह तपाईहरु माभ्कमा छ भनेर आग्रह गरेका छन्।

माओवादीको दोहोरो रणनीति

नेकपा माओवादी केन्द्र पनि अहिलेको सरकारले गरेका कामहरु प्रति सतुष्ट छैन। माओवादीले गणतन्त्रको पक्षमा भन्दै चैत्र १५ गते भृकुटीमण्डपमा जन प्रदर्शन गरेको छ। उसले एकातीर राजतन्त्रवादीहरुलाई काउन्टर दिन जस्तो देखाएर सरकारमा रहेका नेपाली काँग्रेस र एमालेलाई माओवादी जनप्रदर्शनले माओवादी केन्द्र केही समय अगाडी सरकारवाटवाहिए पनि पुनः सरकारमा समेटन खोजोस भन्ने उदेश्य देखिने जस्तो खालको अभिव्यक्तिले संकेत दिएको छ।

एमालेपार्टी दुईमुखे सर्प जस्तै

सरकारको समेत नेतृत्व गरेको पार्टी नेकपा एमालेले जनप्रदर्शनको नामवाट देशभरी आफ्ना कार्यकर्ता उर्तान थालेको छ। सरकारमा जसले नेतृत्व गरेको छ। त्यही पार्टीले सडकमा जनतालाई हिडडुलमा अवरोध गर्नेगरी प्रदर्शन गर्नु अन्य प्रतिपक्षलाई काउन्टर दिएर भीडलाई उत्तेजित पार्नुले द्वान्द्ध निम्त्याउन गरिएको द्धयद्र चरित्र अर्थात दुईमुखे सर्पको शंज्ञा अन्य विपक्षी पार्टीहरुले आरोप लगाएका छन्।

स्मरणरहोस : पुष्पलालले परिकल्पना गरेको संयुक्त जनआन्दोलन २०६२/६३ सम्म काम लागेको थियो। तर अहिलेको आन्दोलन फरक खालको देखिन्छ। २०४६ सलाको आन्दोललाई ७ वाम गठबन्धन र नेपाली काँग्रेस मिलि पञ्चायत विरुद्ध लडेका थिए। ६२/६३ मा पनि त्यही भएको थियो।

अहिले गणतन्त्रवादी, राजतन्त्रवादी, मध्यमार्गीवादी, सरकारवादी सवै आन्दोलनमा देखिन्छन्। यि चार थरीकावादीहरु एक ठाउमा आउन सक्ने सम्भावना देखिएको छैन। यिनिहरुका यस्ता गतिविधिहरु देख्दा अभाव, तनाव, निरासावाट थलिएका जनताहरु त्यसैपनि सरकारप्रति आक्रोशित छन्। यो अवस्थामा जनतलाई उत्तेजित पारेर देशलाई गृहयुद्धतिर धकेल्ने संकेत माथि उल्लेखित पार्टीहरुले पञ्यास गरिरहेको हुन भन्ने देखाउछ। यस्तो वेला जनता सचेत हुनुपर्छ। सरकारले जनताको सेवा गर्नुपर्ने ठाउँमा त्यो काम नगरेर अरुनै भडकाउवादी काम गरिरहेको हुनाले शान्तिपूर्ण आन्दोलन जो साच्चै देशभक्त राष्ट्रवादी शक्तिहरु एक ठाउँमा उभिएर देशलाई थप दुर्गती हुनवाट जोगाउनु आम देशप्रेमी नागरिकहरुको कत्व्य हो।

नेपाली हामी रहुला काहा नेपालै नरहे
चुलिन्छ हिउ कहा हिमालै नरहे।

यि महत्वपूर्ण वाणीहरुलाई समेत मनन गरेर एकदमै संयमता अपनाएर मात्र आन्दोलनहरु हुनुपर्दछ। नभए आन्दोलनले कहिलेकाही देश नै संकट पर्ने ईतिहास सिकिमको घटना पढे पुग्छ। त्यस्तै नेपालमा पनि २००४ सालमा भारतमा खोलिएको नेपाली काँग्रेस २००६ सालमा खोलिएको नेपाल कम्युनिष्ट पार्टीलाई भारतीयहरुले त्यतिवेला सहयोग गरेर आज नेपालको यो अवस्था बनाएहकोमा नेपाली जनताले प्रष्ट देखिने गरी पुष्टि भएको छ। नेपालको हितमा ति पार्टीहरु खोलिएका थिएनन्।


**नागार्जुन नगरपालिका**
**नगर कार्यपालिकाको कार्यलय**
**नगरवासीहरूमा अनुरोध**

- नागार्जुन नगरपालिका क्षेत्र भित्र भवन निर्माण गर्दा भवन निर्माण आचार संहिता २०७२ र नगरपालिकाको मापदण्ड बमोजिम मात्र गर्ने गरौं।
- मापदण्ड विपरित निर्माण कार्य आफू पनि नगरौं र अरुलाई पनि गर्न नदिऔं।
- नागार्जुन नगरपालिकालाई व्यवस्थित र सुन्दर शहर बनाऔं।
- आफ्नो कम्पाउण्ड भित्र कम्तीमा एक रुख अनिवार्य रोपौं।
- हरेक निवासमा कम्तीमा एम्वुलेन्स र दमकल जाने गरी बाटोको मापदण्ड प्रयोग गरौं।
- भवन निर्माण गर्दा सेफ्टी ट्याक्ती अनिवार्य रुपमा बनाऔं। खुल्ला नाली तथा खोलामा शौचालयको पाईप नछोडौं।
- आफ्नो टोल छिमेकलिाई प्रतिकूल असर हुने गरी भवन निर्माण नगरौं।
- भवन निर्माण गर्दा सार्वजनिक बाटो, पर्ती जग्गा, वन, खोला, पाटी पौवा, मन्दिर लगायत अन्य सार्वजनिक सम्पत्तिका जग्गा अतिक्रमण नगरौं।
- कमशल निर्माण सामाग्री प्रयोग गरी भवन निर्माण नगरौं।
- भूकम्पीय जोखिम प्रतिरोधात्मक भवन निर्माण गरौं।
- आवश्यक जानकारीको लागि नगरपालिका कार्यालयमा सम्पर्क गरौं।
- प्राकेतिक श्रोत साधानको संरक्षण र संम्बर्द्धन गरौं।

**सम्पर्क नं. ०१५६७७१७**

**नागार्जुन नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**


## अन्तराष्ट्रिय

# कंगोको राजधानीमा भीषण वर्षापछि बाढी, कम्तीमा ३३ जनाको मृत्यु



काठमाडौं – कंगोको राजधानी किन्सासामा भारी वर्षा र बाढीका कारण कम्तीमा ३३ जनाको मृत्यु भएको छ। आत्मरक्षाको प्रयासमा स्थानीय बासिन्दाहरू सुरक्षित स्थानतर्फ प्रस्थान गरिरहेका छन्।


भीषण वर्षा र बाढीका कारण किन्सासामा कम्तीमा ३३ जनाको ज्यान गएको अधिकारीहरूले बताएका छन्। पश्चिमी किन्सासामा धेरै घर शुक्रबार रातिदेखि शनिबार बिहानसम्म परेको वर्षापछिको बाढीले बगाएको छ।

कंगो नदीको किनारमा अवस्थित किन्सासा सहरमा १ करोड ७० लाख मानिस बसोबास गर्छन्। यो नदी विश्वकै ठूला नदीहरूमध्ये एक हो जुन देशैभरि फैलिएको छ। कंगो नदीमा बाढी आउनु सामान्य कुरा भए पनि जलवायु परिवर्तनका कारण पछिल्ला वर्षहरूमा बाढी झनै बढी र खतरनाक बन्दै गएको राष्ट्रपति फिलिक्स सिसेकेडी स्वयंले चेतावनी दिइसकेका छन्।

राजधानीका २६ वटा जिल्लाहरू बाढीबाट प्रभावित भएका छन्। सबैभन्दा बढी असर गरिब बस्तीहरू र सहरको बाहिरी भागमा परेको छ। एक स्थानीयका अनुसार पानी डेढ मिटरसम्म पुगेको छ।

'हामी ज्यान जोगाएर निस्किएका छौं, तर घरभित्र धेरै कुरा फसेका छन्,' स्थानीयलाई उद्धृत गर्दै एएफपी समाचार संस्थामा उल्लेख गरिएको छ। सरकारले ढिलो प्रतिक्रिया दिएको र पर्याप्त सहयोग उपलब्ध नगराएको थुप्रै स्थानीयको आरोप छ। उनीहरूले सरकारप्रति आक्रोश व्यक्त गरिरहेका छन्।

# साउदीले लगायो भारतसहित १४ देशका नागरिकको भिसा प्रतिबन्ध



रियाद – साउदी अरबले भारत, पाकिस्तानसहित १४ देशका नागरिकहरुलाई भिसा प्रतिबन्ध लगाएको छ।

आगामी हज यात्रालाई लक्षित गर्दै भीड व्यवस्थापन र सुरक्षा सुनिश्चित गर्नका लागि यी देशका नागरिकहरुलाई उमरा, व्यापारिक तथा पारिवारिक भ्रमणका लागि भिसा प्रदान गर्न अस्थायी रुपमा रोक लगाएको हो।

भिसा प्रतिबन्धको सूचीमा भारत, बङ्गलादेश, पाकिस्तान, इजिप्टलगायतका मुलुकहरू परेका छन्। समाचार अनुसार यो प्रतिबन्ध २०२५ को हज यात्रा सकिएर जुन महिनाको मध्यसम्म कायम रहनेछ।

प्रतिबन्धित १४ देशहरूमा अल्जेरिया, बङ्गलादेश, इजिप्ट, इथियोपिया, भारत, इन्डोनेसिया, इराक, जोर्डन, मोरोक्को, नाइजेरिया, पाकिस्तान, सुडान, ट्युनिसिया र यमन रहेका छन्।

साउदी अधिकारीहरूका अनुसार, अप्रिल १३, २०२५ (चैत्र ३०, २०८१) सम्म मात्र उमरा भिसा प्रदान गरिनेछ। त्यसपछि नयाँ भिसा यो सूचीमा रहेका देशका नागरिकहरूलाई हज सकिएपछि मात्र जारी गरिनेछ।

साउदी सरकारको यो निर्णय हज अवधिभरको अत्यधिक भीड व्यवस्थापन तथा सुरक्षा उपायहरूलाई ध्यानमा राखेर लिइएको बताइएको छ।

# शिक्षक आन्दोलनप्रति माओवादी केन्द्रको ऐक्यबद्धता




काठमाडौं- नेकपा माओवादी केन्द्रले शिक्षकहरूको काठमाडौं केन्द्रित आन्दोलनप्रति ऐक्यबद्धता जनाएको छ।

माओवादी केन्द्रले सोमबार विज्ञप्ति जारी गर्दै सरकार र शिक्षक महासंघबीच विगतमा भएका सहमतिका आधारमा विद्यालय शिक्षा ऐन तत्काल जारी गरी शिक्षकहरूको माग पूरा गर्न सरकारसँग माग समेत गरेको छ।

'सरकार र नेपाल शिक्षक महासंघबीच ५ असोज २०८० र १२ गतेको मितिमा भएका सहमतिका आधारमा विद्यालय शिक्षा ऐन तत्काल जारी गर्न जोडदार माग गर्दछ। यस विषयलाई प्राथमिकतामा राखि विशेष अधिवेशन या अन्य उपायबाट विद्यालय शिक्षा ऐन जारी गरी शिक्षकहरूलाई शैक्षिक जिम्मेवारी पूरा गर्ने वातावरण बनाउन पनि सरकार सहित सम्बद्ध सबै पक्षसँग हार्दिक अपिल गर्दछौं,' माओवादी केन्द्रका उपाध्यक्ष अग्निप्रसाद सापकोटाले जारी गरेको विज्ञप्तिमा छ।

माओवादी केन्द्रले शिक्षकहरूको मागप्रति ऐक्यबद्धता जनाउँदै उनीहरूको आन्दोलनको पक्षमा उभिन सर्वसाधारणसँग आह्वान समेत गरेको छ।


शिक्षा क्षेत्रमा गुणात्मक सुधार आजको आवश्यकता रहेको भन्दै माओवादी केन्द्रले शिक्षकहरूको पेशागत सुरक्षा अनिवार्य सर्त भएको जनाएको छ।

शिक्षक महासंघसँग ५ र ६ बुँदे सहमति भएको स्मरण गराउँदै माओवादी केन्द्रले उक्त सहमति अनुसारको विधेयकलाई महत्त्व दिएर यथाशीघ्र पारित गर्नुपर्नेमा कांग्रेस र एमालेको गठबन्धन सरकारले हजारौं शिक्षक र लाखौं विद्यार्थीको पेशा तथा भविष्यमाथि खेलवाड गर्नुलाई निन्दनीय भनेको छ।

सरकार गठन भएको १० महिनासम्म आन्दोलनरत शिक्षकहरूको जायज मागलाई बेवास्ता गरिएको माओवादीको भनाइ छ। तर यही बीचमा देशलाई गम्भीर असर पर्ने प्रकृतिका ऐनहरू भने निसंकोच अध्यादेशमार्फत जारी गर्न सक्ने सरकारले अहिले शिक्षकहरूको आन्दोलन चर्किएपछि बजेट अधिवेशनमा विधेयक पारित गर्ने तर्क दिनु हास्याष्पद भएको माओवादीको तर्क छ।

शिक्षकहरूको मागका बारेमा वर्तमान सरकार उदासीन र गैरजिम्मेवार बनेको माओवादी केन्द्रको आरोप छ।

# दोस्रो कृयाटिभ ईन्टरनेशनल म्यूजिक अवार्ड – २०२५ को २२ बिधामा सर्वोतकृष्ट पाँच घोषणा




काठमाडौं- बिभिन्न समयमा कार्यक्रमहरु गर्दै आएको एक्टिभ म्युजिक प्रा।लि।ले गत बर्ष बाट शुरु गरेको कृयाटिभ ईन्टरनेशनल म्युजिक अवार्ड लाई यो बर्ष पनि निरन्तरता दिदै दोस्रो श्रृंखला अन्तरगत दोस्रो कृयाटिभ ईन्टरनेशनल म्युजिक अवार्ड – २०२५ गर्ने घोषणा गर्दै कार्यक्रम अगाडी बढाएको छ।

एक्टिभ म्युजिक प्रा.लि.ल यस बर्षको लागि आवेदन दिएकाहरु मध्य बाट २२ बिधामा सर्वोत्कृष्ट पाँच घोषणा अनलाईन माध्यमबाटै गर्ने भएको हो।

संस्थाका प्रवन्ध निर्देशक बिजेन्द्र नौबागेका अनुसार पछिल्लो समय बिकसित परिस्थितिलाई मध्य नजर गर्दै भौतिक रुपमा कार्यक्रम गर्नु भन्दा अनलाईन बाट सार्वजानिक गर्दा अझ प्रंभावकारी बन्ने भएकोले यसपालिको कार्यक्रमको मोडालिटी चेन्ज गरेको बताउनु भयो।

दोस्रो कृयाटिभ ईन्टरनेशनल म्यूजिक अवार्ड – २०२५को २२ बिधामा सर्वोतकृष्ट पाँच निम्नानुसार रहेको छ।

**सर्वोत्कृष्ट आधुनिक गित गायक**

रुपक डोटेल, टिका बम्जोम, गोविन्द मधुर आर्चाय, ईनिस एन्जल राई, प्रताप दास

**सर्वोत्कृष्ट आधुनिक गित गायीका**

नृत्या शिव, सदिक्ष्या कटेल, समिक्षा अधिकारी, जुनु रिजाल, मेलिना राई

**सर्वोत्कृष्ट लोक तथा दोहोरी गित गायक**

कृष्ण स्वर्णकार, अर्जुन दर्लामी मगर, चन्द्र बिसी, यज्ञ सापकोटा, मदन परिया

**सर्वोत्कृष्ट लोक तथा दोहोरी गित गायीका**

सुमन थापा, सुनिता सुनार, धना परियार, प्रतिमा भट्राई, रितु बोहोरा

**सर्वोकृष्ट लोक आधुनिक गीत गायक**

सि।डि।बिजय अधिकारी, तिलक बस्नेत, बेदु सारुमगर, राजेश बर्देवा, मरिचमान तामाङ

**सर्वोत्कृष्ट लोक तथा दोहोरी गीत नव गायक**

सुरेश मगर, सुरेन्द्र सुन्दास, अनिल लम्साल, किरण बस्याल, ध्रुव रेग्मी

**सर्वोत्कृष्ट गित म्यूजिक भिडियो निर्देशक**

जोन राई, दिनेश डाँगी, होम गैरे, शंकर अधिकारी घायल, विनोद सुन्दास

**सर्वोत्कृष्ट लोक तथा दोहोरी गीत शब्द संकलक**

भिष्मराज फुलारा, सुमन विश्वकर्मा, सानु बि.सी, भुपराज न्यौपाने, गोपाल क्षेत्री

**सर्वोत्कृष्ट काँठे लोक भाका**

मदन नेपाली (सुफिक्स), सुजाता के.सी., नारायण राई, रोशन लामा, सुन्दर आर.डी.

**सर्वोत्कृष्ट मौलिक गीत**

रिम बाबु राना, कविता खत्री, थमन खयाल, अर्पन के.सी., मन्जु बि.क.

**सर्वोत्कृष्ट लोक तथा दोहोरी गीत लय संकलन**

मिन प्रकाश वली, विनोद ढकाल, अभिषेक लम्साल, सुदिप परियार, नविन परियार

**सर्वोत्कृष्ट लोक तथा दोहोरी गीत भिडियो मोडल (पुरुष)**

टिका भुजेल, विजय पुन, लोमस शर्मा, पल शाह, सागर लम्साल (बले)

**सर्वोत्कृष्ट लोक तथा दोहोरी गीत भिडियो मोडल (महिला)**

अस्मिता रनपाल, जुना गुरुङ, अस्मिता पुरी, अस्मिता राना मगर, सन्चिता शाही

**सर्वोत्कृष्ट लोक तथा दोहोरी गीत भिडियो नव मोडल (पुरुष)**

गिरीराज डागी, रोशन सिङ, बिष्णु कुँवर, श्रीकृष्ण घर्ती, बिकास फेरोज

**सर्वोत्कृष्ट लोक तथा दोहोरी गीत भिडियो नव मोडल (महिला)**

रन्जना भुजेल, जमुना के.सी., सम्झना सुनार, निसा गौतम, ननजिता सुनार

**सर्वोत्कृष्ट आधुनिक गीत भिडियो मोडल (पुरुष)**

आर्यन राउत, प्रदिप प्रजा, हिमाल बि.सी., बिक्रम बुढाथोकी, दिनेश कठायत

**सर्वोत्कृष्ट आधुनिक गीत संगीतकार**

भेष राज बस्नेत, सुरेश गैरे, रविन्द्र शाही ठकुरी, मनिष श्रेष्ठ, प्रियजन राइ

**सर्वोत्कृष्ट आधुनिक गीत गीतकार**

प्रनिल प्रधान, सुपक अधिकारी, मोहन लिम्बु, रविन्द्र शाही ठकुरी, दर्पण राई

**सर्वोत्कृष्ट संगीत संयोजक**

रिदम कँडेल, एच बि एन किस्मत, एच बि एन किस्मत, सुनिल परियार, दिवान किनार

**सर्वोत्कृष्ट आधुनिक गीत भिडियो मोडल (महिला)**

श्रीस्टीना श्रेत्री, देवीसरा भण्डारी, सुस्मिता श्रेष्ठ, सन्चिता शाही, शितल तामाङ

**सर्वोत्कृष्ट रेकर्डिष्ट**

राजु खड्का, दिपक बि.सी.

**सर्वोत्कृष्ट छायाँकार**

केशव अधिकारी खत्री, ज्ञान कुमार कट्टेल

**सर्वोत्कृष्ट नेपाली पप गीत गायक (पुरुष)**

सुर्या मम्बा तामाङ, सुर्या गुरुङ, देब दोर्जे लामा, वाङ्चु फ्युबा, शिरेस थापा

कार्यक्रमको फाईनल कहिले र कहाँ हुने भन्ने बारेमा अहिले नखुलाईए पनि ई सेवा मार्फत भोटिङ खुल्ला गर्ने कार्य भने चाँडै गरिने प्रवन्ध निर्देशक बिजेन्द्र नौबागेले जानकारी गराउनु भएको छ।

यो अवार्डमा भोटिङ बाट पचास प्रतिशत र निर्णायक मण्डलबाट पचास प्रतिशत अंक दिई सर्वोत्कृष्ट चयन गरिने आयोजकले जानकारी गराएको छ।

# एकै वर्ष ४ नेपाली गीत युट्युबको ग्लोबल ट्रेन्डिङमा













काठमाडौं- २०८१ साल नेपाली संगीत क्षेत्रको लागि खास रह्यो। यसवर्ष घरेलु संगीत देशभित्र मात्र सीमित रहेन, बरु युट्युबको ' ग्लोबल ट्रेन्डिङ'मा समेटिँदै विश्वब्यापी चर्चा बटुल्यो। युट्युब, स्पोटीफाई, आइट्युन्सजस्ता डिजिटल प्लाटफर्मको कारण नेपाली संगीत क्षेत्र पछिल्लो वर्षमा फैलिने क्रममा छ।

डायस्पोरामा नेपाली समुदायको बाक्लो बसोबास वृद्धि हुने क्रममा रहेकाले नेपाली संगीतले त्यहाँ मौलाउने अवसर पाएको छ। नेपालमा गीत रिलिज हुँदा एकैदिनमा अन्य केही मुलुकको ट्रेन्डिङमा पर्न थालेको छ। युट्युबमात्र होइन स्पोटीफाईजस्ता अडियो प्लाटफर्ममा पनि नेपाली संगीतको लोभलाग्दो उपस्थिती देखिन थालेको छ।

यसको बलियो उदाहरण हो २०८१ सालमा मात्रै ४ नेपाली गीत युट्युबको ग्लोबल ट्रेन्डिङमा पर्न सफल भए। अन्तर्राष्ट्रिय डिजिटल प्लाटफर्ममा यसअघि नेपाली संगीतको उपस्थिती यति प्रभावशालीरुपमा कहिल्यै भएको थिएन। 'कश्मिर पछ्यौरी'देखि सुरु भएको नेपाली गीतको ग्लोबल ट्रेन्डिङको यात्रा 'दुश्मन हेरेको हेर्‍यै'सम्म आइपुगेको छ।

यस वर्ष युट्युबको 'ग्लोबल टप १०० ' सूचीमा चार नेपाली गीतले स्थान बनाए। यी गीतले नेपाली संगीत उद्योगको बढ्दो पहुँच र प्रभावलाई दर्शाउँछ। टिकटक, रिल्सजस्ता सामाजिक सञ्जाल, आकर्षक संगीत संयोजन, तथा मनछुने शब्दको ठूलो भूमिका यसपछाडि छ। यसवर्ष ग्लोबल ट्रेन्डिङमा समेटिएका ४ गीतको चर्चा यहाँ गरिन्छ।

**रुकुम मैकोट**

एसडी योगीद्वारा संगीतबद्ध यो गीतले युट्युबको ग्लोबल ट्रेन्डिङमा झण्डै डेढमहिना स्ट्रिमिङ हुँदै अर्को रेकर्ड पनि रच्यो। फिल्म 'खुस्मा'मा समावेश यो गीत युट्युबको 'विश्वभर हेरिएका शीर्ष १०० म्युजिक भिडियो' सूचीमा यो गीत ७३औं स्थानमा प्रवेश गरेको थियो। लोकलयको मिठास, वास्तविक प्रेमभाव झल्काउने शब्द र आकर्षक छायांकनले दर्शकको मन जित्यो। पश्चिम नेपालको सौन्दर्य, परम्परा र प्रेमकथालाई सजीव रूपमा प्रस्तुत गरिएको छ। यो गीतमाथि टिकटकमा लाखौं भिडियो बने। अहिलेसम्म यो गीतलाई अहिलेसम्म १२ करोडभन्दा धेरैपटक हेरिएको छ।

**कश्मीरे पछ्यौरी**

यो गीत सम्भवत: ग्लोबल ट्रेन्डिङमा पहिलोपटक स्थान बनाउने नेपाली गीत हो। यो गीत रिलिज भएको आठ महिनापछि चर्चामा आएको थियो र युट्युबको ग्लोबल ट्रेन्डिङको ९९औं स्थानमा प्रवेश गरेको थियो। गीतको अडियो पक्ष बलियो छ। सरल शब्द र लोकलयमा तयार गरिएको गीत मनछुने पनि छ। गीतको भिडियो पनि यसको आकर्षक पक्ष हो। निश्चल दवाडीको शब्द र संगीत रहेको गीतमा बाबुकृष्ण परियार र दीपिका बयम्बुको स्वर सुन्न सकिन्छ। नेपाली लोकसंगीतमा आधारित गीतले नेपालका विभिन्न भागमा मात्र नभई अन्तर्राष्ट्रिय नेपाली समुदायमा समेत लोकप्रियता पायो। अहिलेसम्म यो गीतलाई ८ करोड ११ लाख पटक भन्दा धेरै पटक हेरिएको छ।

**बार्दली**

सुशान्त केसीको 'बार्दली' यो वर्ष ग्लोबल ट्रेन्डिङमा प्रवेश गर्ने अर्को नेपाली गीत हो। यो गीत युट्युबको ग्लोबल ट्रेन्डिङको ९३औं स्थानमा पुगेको थियो। यसमा मधुर संगीत संयोजन र सुशान्तकै आफ्नो विशिष्ट गायन शैली छ। यो गीतमा आधुनिक प्रेम र समर्पणको भावलाई सुन्दर रूपमा प्रस्तुत गरिएको छ। म्युजिक भिडियो पनि आकर्षक छ, जसमा सुशान्तसँगै इन्द्रकला राई, निश्चल बस्नेत, स्वस्तिमा खड्का र सृष्टि श्रेष्ठको अभिनय देख्न सकिन्छ। अहिलेसम्म यो गीतलाई ७ करोड १० लाख पटक हेरिएको छ।

**दुश्मन हेरेको हेरै**

३ महिनाअघि रिलिज भएको दुर्गेश थापाको गीत 'दुश्मन हेरेको हेरै' यस वर्ष ग्लोबल ट्रेन्डिङमा प्रवेश गर्ने अर्को नेपाली गीत बन्यो। विश्वभरका १०० म्युजिक भिडियोको सूचीमा यो गीत ७७औं स्थानमा पुगेको थियो। उनले यस गीतमा आफ्नै शैलीको ऊर्जा भरेका छन्। ओठमा झुन्डिने शब्द, आकर्षक पर्फमेन्स र कलाकारको अभिनयले गीतलाई भाइरल बनाएको छ। यसको लोकप्रियता नेपालमा मात्र सीमित छैन। यो गीतमाथि हिन्दीमा पनि फ्यानले भिडियो बनाइरहेका छन्। अहिले मेला महोत्सवमा पनि यो गीतको क्रेज देखिन्छ। यो गीतले दुर्गेशको करिअरलाई नै उचाइमा पुर्‍यायो। दुर्गेश आफैँको शब्द र संगीत रहेको गीतमा आनन्द कार्की, दुर्गेश, एलिना चौहान, र समीक्षा अधिकारीको स्वर छ। यो गीतलाई अहिलेसम्म ५ करोड ६६ लाख पटक हेरिएको छ।

यसवर्ष एकदेव लिम्बुको 'झिम झिमाउने आँखाले' पनि युट्युबको 'ग्लोबल हन्ड्रेड चार्ट्स'को ९७ औं स्थानमा प्रवेश गर्न सफल रह्यो। यसबाहेक अन्य नेपाली गीतले पनि विभिन्न देशमा ट्रेन्डिङमा देखिए।

# 'न दिन सके खुशी तिमीलाई' सार्वजनिक

काठमाडौं- सञ्जीवकुमार पौडेलको शब्द, सङ्गीत र स्वरमा रहेको मार्मिक गीत 'न दिन सके खुशी तिमीलाई' सार्वजनिक भएको छ।

देवेन्द्र नेवाको एरेञ्ज, प्रकाश मिश्रको मिक्सिङ एवम् माष्टरिङ र राजबाबु थापा रेकर्डिष्ट रहेको गीतको भिडियो सार्वजनिक भएको हो।

विक्रम चौहानको निर्देशन रहेको गीतको भिडियोमा वादल घिमिरे, अस्मिता सुवेदी र गीता विष्टलाई फिचरिङ गरिएको छ। प्रकाश खड्का र टिमको छायांकन रहेको गीतको भिडियोमा मिलन विश्वकर्माको कलर संयोजन र लक्षमण चौहानको सम्पादन छ।

आफूले माया गरेको मान्छेलाई खुशी दिन नसकेको र आफू पनि खुशी हुन नसकेको गीतमा व्यक्त गरिएको छ। उत्कृष्ट शब्द, सङ्गीत र स्वर रहेको गीत जति समधुर छ गीतको भिडियो पनि त्यतिकै राम्रो बनेको छ।

गीतको भिडियो गायक पौडेलको अफिसियल युट्यूब च्यानलमार्फत सार्वजनिक गरिएको हो। पौडेलका थुप्रै गीत श्रोतारदर्शकमाझ लोकप्रिय छन्।

# NADA र NAIMA दुवै संस्था विकासप्रति एकैठाउँमा



**काठमाडौं–** नाडा अटोमोबाइल्स एशोसिएशन अफ नेपाल NADA ले लामो समयदेखि नेपालका अटोमोबाइल व्यवसायीहरूलाई समेट्ने साझा संस्था भएर काम गर्दै आएको छ। नेपालको अटोमोबाइल क्षेत्रको समग्र प्रवर्द्धन, नीति निर्माणमा सहकार्य, तथा व्यापार तथा व्यवसायलाई सहज बनाउने काममा ल्ब्म्ब सधैं सक्रिय रहँदै आएको छ।

नाडा अटोमोबाइल्स एशोसिएशन अफ नेपाल, अटोमोबाइल उद्योगलाई समर्थन गर्ने र राष्ट्र विकासमा योगदान पुर्याउने दृष्टिकोणले स्थापना गरिएको संस्था हो। NADA ले नेपालको अटोमोबाइल नीति NAIMA रू निर्माण गर्न तथा उद्योगसँग सम्बन्धित चुनौतीहरू समाधान गर्न महत्वपूर्ण भूमिका खेलेको छ। नयाँ गठन भएको नेपाल अटोमोबाइल्स इम्पोर्टस एण्ड म्यानुफ्राक्चरर्स एशोसिएसन ल्ब्क्ष्ब नाईमा भनेको मोबिलिटी सशक्तीकरणको वकालतका लागि गठन गरिएको संस्था हो, जसमा नेपालका अटोमोबाइल आयातकर्ता र निर्माता प्रतिनिधित्व गर्छन्। दुवै संस्था अटोमोबाइल व्यवसायमा प्रत्यक्ष संलग्न भएकाले केही सदस्य कम्पनीहरू दुबै संघको भाग बन्ने छनौट गर्न सक्छन्। तथापि, प्रत्येक संघले आफ्नो लक्ष्यप्रति प्रतिबद्ध रहँदै स्वतन्त्र रूपमा आफ्नो प्रयासहरू जारी राख्ने गरी एक ठाउँमा उभिएका छन्।

NAIMA भनेको मोबिलिटी सशक्तीकरणको वकालत गर्ने उद्देश्यले स्थापना गरिएको संस्था हो, जसमा नेपालका अटोमोबाइल आयातकर्ता तथा निर्माता सदस्य छन्। NAIMA को उद्देश्य मोबिलिटीमार्फत विकास सशक्त बनाउनू रहेको छ। यसले रणनीतिक नीतिगत वकालतद्वारा नेपालको अटोमोटिभ क्षेत्रलाई सबल बनाउने लक्ष्य राखेको छ, जसमा दिगो तथा सुरक्षित मोबिलिटीलाई प्राथमिकता दिइनेछ।

NAIMA ले अटोमोबाइल उद्योगको विशेष क्षेत्रमा प्रतिनिधित्व गर्ने भए तापनि यसको कार्यक्षेत्र उद्योग र सरोकारवालाहरुको सशक्तिकरण, विकास तथा समृद्धिमा केन्द्रित रहनेछ। यस संस्थाले वातावरणमैत्री अभ्यास, उपभोक्ता शिक्षाको प्रवर्द्धन, सडक सुरक्षा तथा पूर्वाधार सुधारको आवश्यकतालाई सम्बोधन गर्दै सरकारसँग मिलेर यी उद्देश्यहरू पुरा गर्न काम गर्नेछ।

हालै NAIMA को स्थापनासँग सम्बन्धित छलफल तथा समाचारहरूबाट ल्ब्म्ब को भूमिकालाई लिएर केही भ्रमहरू उत्पन्न भएका छन्। हामी स्पष्ट पार्न चाहन्छौं कि NADA र NAIMA दुबै संस्थाको स्वतन्त्र सह अस्तित्वले नेपालमा अटोमोबाइल उद्योगलाई सशक्त बनाउनेछ भन्ने कुरामा दुबै संस्थाले विश्वास गर्छन्।

नेपालको अटोमोबाइल क्षेत्र दिगोपन, नवप्रवर्तन र नीतिगत स्थिरतातर्फ अग्रसर हुँदै गर्दा, ल्ब्म्ब र NAIMA दुवै संस्थाहरू व्यवसायीहरूको हक र हितको संरक्षण, उद्योगमैत्री नीति निर्माणमा सहकार्य, तथा समग्र क्षेत्रको प्रगतिमा पूर्ण रूपमा प्रतिबद्ध छन्। NAIMA ले २०८२ साल वैशाख ४ गते (१६ अप्रिल २०२५) मा आफ्नो औपचारिक शुभारम्भ गर्नेछ। सो अवसरमा संस्थाले आफ्नो स्पष्ट दृष्टिकोण –Vision, , प्रमुख कार्यक्षेत्रहरू, मध्य तथा दीर्घकालीन योजना, तथा मोबिलिटी सशक्तिकरणका लागि गर्न लागेको हस्तक्षेप कार्यक्रमहरू सार्वजनिक गर्नेछ।

उक्त विषयलाई दुवै संस्थाका अध्यक्ष करण चौधरी नाडा अटोमोवाइल्स एशोसिएशन अफ नेपाल र नेपाल अटोमोबाइल्स इम्पोर्टर्स एण्ड म्यानुफ्राक्चरर्सकी अध्यक्ष ऋतु सिंह वैद्यले संयुक्त रुपमा हस्तक्षर गरेको विज्ञप्ति प्रकाशित गरेर विकासको लागि दुवै संस्था एक ठाउमा उभिएको जानकारी दिएका छन्।

# विशेष न्यु ईयर, न्यु अफर र देशव्यापी टेस्ट ड्राइभ क्याम्पको साथ नयाँ वर्षको उत्साह बढाउँदै नामी




काठमाडौं- नेपाल अप्रिल १, २०२५ नयाँ वर्षको अवसरमा नेपालका लागि नामी ईभीको आधिकारिक वितरक एमएडब्लू वृद्धी मोटर्स प्रा. लि.ले आज अप्रिल ५ देखि अप्रिल १२ सम्म सन्चालन हुने आफ्नो न्यु ईयर, न्यु अफर देशव्यापी एक्सचेन्ज र टेस्ट ड्राइभ क्याम्प गर्ने घोषणा गरेको छ।

एक हप्तासम्म चल्ने यस कार्यक्रमको उद्देश्य ग्राहक संग्लग्नता बढाई उनीहरूलाई बिग ह्याच र फाइभ स्टार लक्जरी भएको नामीको प्रत्यक्ष अनुभव प्रदान गर्नु हो।

योसँगै ग्राहकहरूले अब तोकिएको नामी गाडीको बुकिङको लागि केवल रू. ५.९९ लाखदेखि सुरु हुने सजिलो डाउनपेमेन्टबाट फाइदा लिन सक्नेछन्। यो अफरमा बुकिङ भएको मितिदेखि दुई वर्किङ डे भित्र ग्यारेन्टीपूर्ण डेलिभरीका साथै ने.रू. १ लाख सम्मको फाइदाहरू समावेश हुनेछन्।

यसले समग्र अनुभवलाई मूल्य र गति दुवै हिसाबले प्रभावकारी बनाउने छ। खरिद प्रक्रियालाई थप सजिलो बनाउन नामीले ८०५ सम्मको फाइनान्सिङ सहायता प्रदान गर्नेछ जसले गर्दा गाडी लिने प्रक्रिया सहज हुने र ग्राहकले सुरूमै गर्नु पर्ने खर्च पनि कम हुनेछ।

साथै, टेस्ट ड्राइभ लिने सबै सहभागीहरूलाई निस्शुल्क उपहार प्रदान गरिनेछ। ग्राहकहरु सबैले उपहारहरूका साथ अत्याधुनिक, सुविधायुक्त इलेक्ट्रिक कारको रोमाञ्चक टेस्ट ड्राइभको आनन्द लिन सक्नेछन्।

**नेपाल सरकार**
**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**
**राजस्व अनुसन्धान विभागको अनुरोध**

व्यावसायिक प्रयोजनका मालवस्तु तथा ढुवानीका साधनको अनुगमन प्रणाली (Vehicle & Consignment Tracking System – VCTS) को सफ्ट्वेयर तयार गरी 2076 श्रावण १ गतेबाट संचालनमा रहेको छ। एक स्थानबाट अर्को स्थानसम्म व्यावसायिक प्रयोजनका मालवस्तु ढुवानी गर्दा भन्सार विन्दुबाट आयात भएको मालवस्तुको हकमा प्रज्ञापनपत्र र स्थानिय मालवस्तुको ढुवानि भएको मालवस्तुको विलबिजक र मौज्द्दात स्थानान्तरणको हकमा चलान संलग्न गरी Vehicle & Consignment Tracking System – VCTS मा अनिवार्य रुपमा प्रविष्ट गरेर मात्र सामान ओसार पसार गर्नु हुन अनुरोध छ। यस VCTS मा प्रविष्ट नगरी समान ओसार पसार गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही भै जाने व्यहोरा समेत अनुरोध गरिन्छ।

VCTS **सम्वन्धी कुनै समस्या भएमा**
**टेलिफोन नं.:०१-५४४४७४५ टोल फ्रि नम्बर: १६६०-०१ ५५०००**
IT SUPPORT – 9849398914, 9810106929
EmailM– vets@dri.gov.np **मा** e–mail **गर्नु हुन।**

# साइमेक्स बीवाईडी च्यारिटी फाउन्डेसनद्वारा प्रोजेक्ट डल्फिनको घोषणा

**काठमाडौं–** नेपालमा बीवाईडी गाडीको आधिकारिक वितरक साइमेक्स इंकको पहलमा संचालित साइमेक्स बीवाईडी च्यारिटी फाउन्डेसन (Cimex BYD Charity Foundation – CBCँ) ले 'सीबीसीएफ प्रोजेक्ट डल्फिन' (CBCF Project Dolphin) को सगर्व घोषणा गरेको छ, जुन नेपालको अति खतराको सूचीमा रहेको जीव 'डल्फिन' संरक्षणका लागि समर्पित एक पहल हो।




विश्व जलचर जनावर दिवस अर्थात वर्ल्ड अक्वाटिक एनिमल डे को अवसरमा बिहीबार सन् २०२५ अप्रिल ३ मा पाटन संग्रहालयमा आयोजित एक कार्यक्रममा सो प्रोजेक्ट औपचारिक रुपमा लन्च गरियो, जसले नेपालको स्वच्छ पानीको इकोसिस्टम संरक्षणका लागि संरक्षक, वातावरणविद र सामुदायिक अगुवाहरुलाई एकै स्थानमा ल्याउने छ।

गंगा नदी डल्फिन अति खतराको सूचीमा रहेका जीव हुन्, जुन संसारभर ३ हजार ५ सय भन्दा कम संख्यामा मात्र रहेका छन्। सन् २०१६ मा गरिएको सर्वेक्षण अनुसार नेपालमा कर्णाली नदीमा ४३ र कोशी नदीमा ९ गरी ५२ डल्फिन मात्र रहेको रेकर्ड छ। नेपालमा बीवाईडी डल्फिन ईभी लोकप्रिय छ।

बीवाईडी डल्फिन ईभी र यही नामको जीवको संरक्षण बिचको उल्लेखनिय तालमेलको आधारमा सीबीसीएफ प्रोजेक्ट डल्फिनले नेपालको जैविक विविधता संरक्षणका लागि गरिने अर्थपूर्ण कार्यलाई अझै बढावा दिने लक्ष्य राखेको छ।

इभेन्टका मुख्य आकर्षणहरु सीबीसीएफ प्रोजेक्ट डल्फिन लन्चको अवसरमा कम्युनिटी, कोलाबोरेसन र कन्जर्भेसन (Community, Collaboration, and Conservation) विषयमा प्यानल डिस्कसन सम्पन्न भयो।

मिडियाकर्मी अभय राज जोशी मोडरेटर रहेको सो प्यानल डिस्कसनमा प्यानलिस्टको रुपमा राष्ट्रिय प्रकृति संरक्षण कोषका वरिष्ठ संरक्षण अधिकृत तथा नेसनल जियोग्राफिक अनुसन्धानकर्ता र जुलोजिकल सोसाइटी अफ लन्डनको प्रोग्रामका फेलो अम्बिका प्रसाद खतिवडा, त्रिभुवन विश्वविद्यालयबाट मर्करी पोलुसन इन अक्वाटिक इकोसिस्टममा विशेषज्ञता प्राप्त गरिरहेका प्राध्यापक छत्रमान शर्मा, पीएचडी तथा जेन गुडअल इन्स्टिच्युट नेपालका कार्यकारी निर्देशक एवम् जनावर अधिकार तथा वातावरणीय न्याय अभियन्ता सृष्टि सिंह भण्डारी र फ्रेसवाटर, डब्लुडब्लुएफका प्रोग्राम एसोसिएट तथा अक्वाटिक इकोसिस्टम विशेषज्ञ आशीष कपाली सहभागी हुनुभएको थियो।

सो इभेन्टको अवसरमा वन्यजन्तु संरक्षणमा उहाँको दशकौं लामो योगदानका लागि 'गुलेली बाजे' को नामले परिचित ९१ वर्षिय भोजराज श्रेष्ठलाई सम्मान गरियो। उहाँले डल्फिन संरक्षण कार्यका लागि नेपालमै पहिलो प्रयासको नेतृत्व गर्नुभएको थियो।

उहाँले चरा र डल्फिनलाई पुग्ने हानिबाट बचाउनका लागि नेपालभरका बालबालिकाबाट ८ हजार भन्दा बढी गुलेली संकलन गर्नुभएको थियो।

**नागरिक वडापत्रको उपयोग गरौं।**

**नागरिक वडापत्रमा:**

- सम्बन्धित कार्यालयले दिने सेवा र त्यसको प्रकृति,
- सेवाग्राहीले सेवा प्राप्त गर्न पूरा गर्नुपर्ने कार्यविधि,
- सेवा प्राप्त गर्न लाग्ने शुल्क र समयावधि,
- सेवा प्रदान गर्ने जिम्मेवार पदाधिकारी र निजको कार्यकक्षको विवरण,
- तोकिएबमोजिम अन्य कुरा उल्लेख गरिएका हुन्छन्।

**सेवाग्राहीले:**

- समयमा सेवा प्राप्त नभए तत्काल कार्यालय प्रमुख वा तो किएको अधिकारी समक्ष उजुरी गरौं।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

जनआकास मिडिया प्रा.लि का लागि : प्रकाशक: द्रोणबहादुर बस्नेत, प्रधान सम्पादक : मोहन कार्की (९८५१०८७१५६)सम्पादक : ईन्दिरा धमला, कमप्युटर जनआकास डेस्ककटप
प्रधान कार्यालय, बागबजार काठमाडौ, ०१-४१६७५७८, पोष्ट वक्स नं १६५६ Email: jana.news2065@gmail.com मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस बागबजार